का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ असोज २०८३
बुधबार
14 October 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २६५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# दसैंको मुखमा प्रियजनको शव कुर्दै आफन्त

गाउँदेखि सहरसम्मै दसैंको उमंग बढिरहँदा वैदेशिक रोजगारीका क्रममा विदेशमा ज्यान गुमाएका ३८ नेपालीका परिवार भने शवको पर्खाइमा छन् ।



> वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको दैनिक तीन/चारजनाको शव झिकाउने गर्छौं । अझै ३८ वटा शव स्वदेश ल्याउने प्रक्रियामा छौं ।
>
> **■ कमल आचार्य**
> **शाखा अधिकृत**
> **वैदेशिक रोजगार बोर्डको सचिवालय**

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २७ असोज

चाडबाडमा घर फर्किएर परिवारसँग रमाउने बेला मलेसियामा ज्यान गुमाएकी सन्ध्या तामाङको शव स्वदेश ल्याउन परिवारले सरकारसँग पहल गरिरहेको छ । सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-५ की सन्ध्याको मलेसियामा मृत्यु भएपछि उनका दाइ लक्की तामाङले शव नेपाल ल्याइदिन आग्रह गर्दै वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिएका हुन् ।

लक्कीले सोमबार बोर्डमा निवेदन दिएका हुन् । उज्ज्वल भविष्यको खोजीमा २०७९ जेठ १६ गते कोशी इन्टरनेसनल म्यानपावरमार्फत श्रम स्वीकृति लिएर मलेसिया गएकी सन्ध्या त्यहाँको भ्यालेओ मलेसिया सिडिए एसडिएन बिएचडी कम्पनीमा कार्यरत थिइन् । उनको शव नेपाल पठाउन आवश्यक पहल गरिदिन आग्रह गर्दै परेको निवेदनका आधारमा बोर्डले भोलिपल्ट असोज २७ गते मलेसियास्थित नेपाली राजदूतावासलाई पत्र पठाएको छ ।

त्यस्तै, वैदेशिक रोजगारीका क्रममा मलेसियामै मृत्यु भएकी नुवाकोटकी स्याङ मेन्दो तामाङको शव नेपाल ल्याउन उनका पति पासाङ लामाले पनि बोर्डको सचिवालयमा निवेदन दिएका छन् । २०७९ जेठ २६ गते श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकी स्याङ मेन्दोको मृत्यु भएको खबर परिवारले एक साताअघि पाएको थियो । परिवारले उनको अपहरणपछि हत्या भएको आशंका गर्दै घटनाको सत्यतथ्य पत्ता लगाउन र शव नेपाल ल्याउने व्यवस्था मिलाउन बोर्डसँग अनुरोध गरेको छ ।

परिवारको निवेदनपछि बोर्डले मलेसियास्थित नेपाली राजदूतावासलाई पत्राचार गरेको छ । घटनाको वास्तविकता पत्ता लगाउनुका साथै शव स्वदेश ल्याउने प्रक्रिया अघि बढाउन परिवारले सम्बन्धित निकायसँग आग्रह गरेको हो । तर, उपलब्ध कागजातमा शव नेपाल पठाउने प्रक्रिया हाल कुन अवस्थामा छ र कहिलेसम्म स्वदेश ल्याइनेछ भन्ने विवरण >>> पृष्ठ २ मा

# न्याय माग्दै जेनजीका आमाहरू



> जेनजी आन्दोलनको जगबाट आएको सरकारले जेनजी आन्दोलनलाई राजनीतिक आन्दोलनका रूपमा लिएको भए ११ सयभन्दा बढी आन्दोलनकारीलाई एक वर्षसम्म थुनेर राख्न मिल्दैनथ्यो ।
>
> **■ अजय सोडारी**, जेनजी अभियान्ता

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ असोज

गत असोज ६ गते प्रतिनिधिसभा बैठकमा सहभागी सांसदहरूलाई स्तब्ध बनाउनेगरी रास्वपाकी सांसद रचना खतिवडा भावुक बनिन् । सांसद पद व्यक्तिगत राजनीतिक आकांक्षा वा पदको लोभका कारण नलिएको बताउँदै उनले भनिन्, 'आन्दोलनका सहिद, घाइते र थुनामा रहेका जेनजीले पूर्ण न्याय नपाए सांसद पदबाट राजीनामा दिन एक सेकेन्ड पनि हिच्किचाउने छैन ।' संसद्को विशेष समयमा बोल्दै सांसद खतिवडाले सहिद परिवारले न्यायको प्रत्यक्ष अनुभूति गर्नेगरी सरकारले काम गर्नुपर्ने माग गरेकी थिइन् । सोही क्रममा उनले आफूलाई 'छोराको लासमाथि सांसद पद साटेको'जस्ता अपमानजनक टिप्पणी गरिएको भन्दै आपत्ति जनाएकी थिइन् ।

तर, जेनजी आन्दोलनमा संलग्न भएका एक हजार एक सय भन्दा युवा विद्यार्थीलाई अहिले पनि पुर्पक्षका लागि थुनामा राखेको छ । लामो समयदेखि थुनामा रहेका बालबालिकालाई तत्काल छाड्न माग गर्दै मंगलबार जेनजीका आमाहरूले सिंहदरबारको गेटमै धर्ना बसे । आफ्ना सन्ततिको रिहाइको माग गर्दै युनिक श्रेष्ठ, मिलन खत्री, अनुपम भण्डारीलगायतका आमाहरू सिंहदरबारको मूल प्रवेशद्वार अगाडि धर्नामा बसेका थिए । आफ्ना छोराछोरीलाई सरकारले जबरजस्त अपराधीकरण गर्न खोजेको उनीहरूको आशंका छ । थुनामा रहेका जेनजीका आमाहरूले आफ्ना छोराहरूको रिहाइको माग गर्दै धर्ना बसे पनि बालेन सरकारले उनीहरूको कहर सुन्न सकेको छैन ।

जेनजी घाइते तथा सहिद परिवार समाज र गृहमन्त्री सुधन गुरुङबीच गत असार १७ गते सिंहदरबारमा एक सहमति भएको थियो । दुवैतर्फको छलफलपछि थुनामा रहेका जेनजीलाई रिहाइ गर्ने सहमति भएको थियो । उक्त सहमतिसमेत सरकारले कार्यान्वयन नगरेको जेनजी सहिद तथा घाइते समाजका अध्यक्ष बादल राईले बताए । जेनजी आन्दोलनजको जगबाट बनेको सरकारले जेनजीहरूलाई नै थुनेर राखेको भन्दै >>> पृष्ठ २ मा

# निरन्तर विवादमा खगेन्द्र



> सांसद सुनारमाथि छानबिन सुरु भइसकेको छ । छानबिनमा लामो समय लाग्दैन । गर्नुपर्ने सबै छानबिन गरिन्छ । अनुशासन आयोगले निर्णय गरेर काम अघि बढाइसकेको छ ।
>
> **■ कवीन्द्र बुर्लाकोटी**
> **मुख्य सचेतक, रास्वपा**



> हिंसाको पनि हद हुन्छ, यो घटना सामान्य छैन । बच्चामाथि सुरक्षा खतरा छ । सरकार, नेपाल प्रहरीले तत्काल महिला र बच्चाको ज्यानको सुरक्षामा ध्यान देओस् । महिला र बालबालिकामाथिको हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुँदैन ।
>
> **■ रामकुमारी झाँक्री**
> **सांसद, एमाले**



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २७ असोज

दलित अभियन्ता हुँदै राष्ट्रिय राजनीतिमा उदाएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनार महिलामाथि आपत्तिजनक टिप्पणी र धम्की दिएको आरोपमा विवादमा तानिएका छन् । एक महिलालाई अश्लील र आपराधिक भाषा प्रयोग गरी धम्की दिएको अडियो बाहिरिएपछि उनी विवादमा तानिएका हुन् ।

सुनारको भनिएको अडियोमा 'रगत पिउँछु, तेरो ज्यान लिन्छु'जस्ता आपराधिक भाषा प्रयोग गरेको सुन्न सकिन्छ । 'मलाई बुढी पनि भन्नुहुन्छ, मार्छु, काट्छु पनि भन्नुहुन्छ, मेरो नांगो भिडियो बनाएर ब्ल्याकमेल पनि गरिरहनुहुन्छ, मैले कति सहने ?' पीडित महिलाले प्रश्न गरेकी छिन् ।

ती महिलाको पीडालाई बेवास्ता गर्दै उनले 'मलाई पैसा चाहियो' मात्र भनिरहेको सुन्न सकिन्छ । 'मलाई साँझसम्म चाहिन्छ, साँझ ८ बजेसम्म हुन्छ नि हैन पैसा ? ओइ, सुनिस्, साँझ आउँछ नि हैन ?' >>> पृष्ठ २ मा

## चरित्र खोल्ने अडियो काण्ड



नेताको अडियो काण्ड नयाँ भने होइन । कहिले महिलामाथि दुर्व्यवहारको आरोप, कहिले कमिसनको सौदाबाजी त कहिले घुस लेनदेनका संवाद सार्वजनिक हुँदै आएका छन् । केहीले पद गुमाएका छन् भने कतिपयमाथि मुद्दा चलेका छन् । केहीले भने अडियो नै षड्यन्त्र भएको दाबी गर्दै अनुसन्धानको माग गरेका छन् ।

**पद गुमाउनेदेखि अदालतसम्म**

२०७६ मा तत्कालीन सभामुख कृष्णबहादुर महरा महिलामाथि यौन दुर्व्यवहारको आरोपसँग जोडिएको अडियो प्रकरणमा विवादित बने । उनले सभामुख पदबाट राजीनामा दिए र पक्राउसमेत परे । पीडितले नै बयान फेरेपछि उनले अदालतबाट उन्मुक्ति पाए । त्यसअघि चिनियाँ बिचौलियासँग सरकार ढाल्न ५० करोड मागेको अडियोका कारण उनी विवादमा परेका थिए । सो प्रकरणको अनुसन्धान भने भएन । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# पुनः श्रम स्वीकृतिबिनै विदेश, विमानस्थलमा घुस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज

पुनः श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा जान लागेका एक श्रमिकसँग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हिमालयन एयरलाइन्सका एक कर्मचारीले घुस लिएको सार्वजनिक भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका अनुसार असोज २६ गते वैदेशिक रोजगारीमा जान लागेका मिनबहादुर रावतसँग घुस लिएको आरोपमा हिमालयन एयरलाइन्सका कर्मचारी हंशराज जैशीलाई नियन्त्रणमा लिइएको छ । अध्यागमन कार्यालयका अनुसार सोमबार वैदेशिक रोजगारीमा जान लागेका राहदानी नम्बर पिबी ०२४९२८४ भएका मिनबहादुर रावतको श्रम स्वीकृतिको म्याद समाप्त भएको पाइएको थियो । जैशीले पुनः श्रम स्वीकृति गराउनुपर्ने भन्दै रावतसँग १४ हजार रुपैयाँ लिएको पाइएको कार्यालयले जनाएको छ ।

अध्यागमन कार्यालयद्वारा जारी विज्ञप्तिमा सिसिटिभी फुटेजमा पनि >>> पृष्ठ २ मा

## मलेसियामा दुई नेपाली महिला कामदारको शंकास्पद मृत्यु

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २७ असोज

मलेसियामा दुई नेपाली महिला शंकास्पद अवस्थामा मृत फेला परेका छन् । नुवाकोटको शिवपुरी गाउँपालिका-३ की साङ्गेला मेन्दो तामाङ र सिन्धुपाल्चोककी सन्ध्या तामाङको मृत्यु भएको घटनामा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

प्राप्त विवरणअनुसार, दुवै महिला मलेसियाको पेनाङ >>> पृष्ठ २ मा


## मलेसियामा रोजगार

कम्पनीः G.GARUDA SECURITY SERVICES SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/१६ — चलानी नं.: ६०२६१९८० — L.T. No.: 348851

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 150 | 0 | स. काममा दक्ष | 1700 | ६३,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः SECUREWIDE SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/१६ — चलानी नं.: ६०२६१९७९ — L.T. No.: 348850

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 80 | 0 | स. काममा दक्ष | 1700 | ६३,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः RKN SMART SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/२० — चलानी नं.: ६०२६२२३८ — L.T. No.: 349076

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः STRAITS FORCE PROTECTION SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/२० — चलानी नं.: ६०२६२२३९ — L.T. No.: 349077

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३० गते (16 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Ditya International Pvt. Ltd.
**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Contact No: 01-5912818, 9701018326, 971-2032836,971-4535168, 9707093731,
E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

# सुकुम्वासी समस्या समाधानको बाटो खुल्यो

## वन र भूमिसम्बन्धी दुई अध्यादेश जारी

**काठमाडौं/मस**-राष्ट्रपति रामचन्द्र पौडेलले वन र भूमिसम्बन्धी कानुन संशोधन गर्ने दुई अध्यादेश जारी गरेका छन्। मंगलबार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले 'वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३' र 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३' जारी गरेका हुन्। राष्ट्रपति कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीद्वारा जारी विज्ञप्तिअनुसार संविधानको धारा ११४ को उपधारा (१) बमोजिम अध्यादेश जारी गरिएको हो।



अध्यादेश जारी भएसँगै भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि कानुनी बाटो खुलेको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बताएकी छन्। उनका अनुसार वन, मध्यवर्ती क्षेत्र तथा आरक्ष क्षेत्रसम्बन्धी कानुनी प्रावधानका कारण समाधान हुन नसकेका भूमिहीनका समस्यालाई सम्बोधन गर्न छुट्टै अध्यादेशमार्फत आवश्यक व्यवस्था गरिएको छ।

'भूमिहीन दलित, भूमिहीन सुकुम्वासी एवम् अव्यवस्थित बसोबासीको समस्या समाधानका कानुनी अड्चनहरू अब हटेका छन्। भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी भएसँगै समाधानको बाटो खुलेको छ,' उनले भनेकी छन्। मन्त्री रावलले कानुनी आधार तयार भएकाले अब राजनीतिक तथा प्रशासनिक नेतृत्व, सम्बन्धित कर्मचारी, स्थानीय तह र समस्या समाधानका लागि गठित समितिहरूले तीव्र गतिमा काम गर्नुपर्नेमा जोड दिएकी छन्।

'अब राजनीतिक तथा प्रशासनिक नेतृत्व, सम्बन्धित कर्मचारी, स्थानीय तह र समाधान समितिले मिसन मोडमा काम गरौं। कानुनी आधार तयार छ, अब सही नियत, इच्छाशक्ति र तीव्र कार्यान्वयन आवश्यक छ,' उनले भनेकी छन्। अध्यादेश जारी भएसँगै भूमिहीन तथा अव्यवस्थित बसोबासीका समस्या समाधानका लागि सरकारले कानुनी प्रक्रिया अघि बढाउने बाटो खुलेको छ।

---

### दसैंको ...

खुलाइएको छैन। वैदेशिक रोजगारीका क्रममा बिदेसिने हजारौं नेपाली युवायुवती परिवारको सुन्दर भविष्य निर्माण गर्ने सपना बोकेर घरबाट निस्कन्छन्। तर, कतिपयका सपना बीचमै अधुरा रहन्छन्। परिवारको आर्थिक अवस्था सुधार्ने र जीवन सहज बनाउने आशासहित विदेश पुगेका श्रमिकको मृत्यु हुँदा आफन्तले अन्तिम दर्शनसमेत गर्न नपाउने अवस्था सिर्जना हुन्छ।

यस वर्षको बडादसैं घरआँगनमा भित्रिएको छ। बिदेसिएका आफन्त घर फर्किने क्रम जारी छ। तर, नेपाल सरकारबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका ३८ जनाका परिवार भने आफन्तको शव स्वदेश आउने प्रतीक्षामा छन्। सन्ध्या र स्याङ मेन्दोजस्ता वैदेशिक रोजगारीका क्रममा असामयिक मृत्यु भएका श्रमिकका परिवारले पार्थिव शरीर स्वदेश ल्याउन वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिँदै कूटनीतिक प्रक्रिया अघि बढाउन आग्रह गरेका छन्।

दसैंजस्तो पारिवारिक मिलनको पर्वमा आफन्तको अन्तिम दर्शन गर्ने आशामा रहेका परिवारको ध्यान नेपाली राजदूतावास र सम्बन्धित सरकारी निकायको समन्वयमा केन्द्रित छ। विदेशमा मृत्यु भएका श्रमिकको शव ल्याउने प्रक्रिया लामो र झन्झटिलो हुने गरेको गुनासो पीडित परिवारले गर्दै आएका छन्। चाडबाडका बेला सरकारी कार्यालय बन्द हुँदा प्रक्रिया थप ढिलो हुन सक्ने चिन्तासमेत उनीहरूमा छ। त्यसैले शोकमा डुबेका परिवारलाई राहत दिन सम्बन्धित सरकारी निकायले कूटनीतिक पहल तीव्र पारेर शव यथाशीघ्र स्वदेश ल्याउनुपर्ने माग उठ्दै आएको छ।

वैदेशिक रोजगार बोर्डको सचिवालयका शाखा अधिकृत कमल आचार्य सम्बन्धित नेपाली राजदूतावासलाई कूटनीतिक माध्यमबाट शव यथाशीघ्र स्वदेश ल्याउन पहल गरिदिन अनुरोध गरिएको बताउँछन्। यससम्बन्धी पत्रको बोधार्थ आवश्यक सहयोग र जानकारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग र वैदेशिक रोजगार विभागलाई समेत पठाइएको उनले जानकारी दिए।

'श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका श्रमिकको शव ल्याउने कानुनी प्रक्रिया सुरु भइसकेको भए पनि देशअनुसार केही समय लाग्ने गरेको छ,' आचार्यले भने, 'सम्बन्धित देशमा कानुनी प्रक्रिया पूरा गर्न केही समय लाग्छ।'

वैदेशिक रोजगारीमा गएका श्रमिकको दैनिक तीनदेखि चार जनासम्मको शव नेपाल ल्याउने गरिएको उनले बताए। 'दुबई, साउदी अरब, मलेसियालगायत कतारबाट श्रमिकको शव बढी आउने गरेको छ। यी देशमा वैदेशिक रोजगारीका लागि नेपालीहरू बढी जाने गर्छन्। संख्याका हिसाबले पनि यस्तो भएको हुन सक्छ,' उनले भने।

**तीन महिनामा २९७ शव नेपाल ल्याइयो**

शाखा अधिकृत आचार्यका अनुसार पछिल्लो तीन महिनामा २९७ जना श्रमिकको शव नेपाल ल्याइएको छ। तीमध्ये दुबईबाट ८९, मलेसियाबाट ७९ र साउदी अरबबाट ५२ जनाको शव ल्याइएको उनले बताए। बाँकी शव कतारलगायत अन्य देशबाट ल्याइएको हो।

वैदेशिक रोजगारीका क्रममा विदेशमा मृत्यु भएका श्रमिकको शव नेपाल ल्याउने क्रम वार्षिक तथ्यांकमा पनि ठुलो देखिन्छ। आर्थिक वर्ष २०८२/८३ मा १ हजार ८४ जना, २०८१/८२ मा १ हजार ९२ जना र २०८०/८१ मा ९६८ जना श्रमिकको शव नेपाल ल्याइएको बोर्डको सचिवालयको तथ्यांक छ। सरकारले वैदेशिक रोजगारीका लागि १८४ देशमा श्रम स्वीकृति दिएको छ। तीमध्ये १११ देशमा विभिन्न म्यानपावर कम्पनीमार्फत नेपाली श्रमिक पठाउने गरिएको छ। ठुलो संख्यामा नेपाली विदेशमा कार्यरत रहेकाले उनीहरूको मृत्यु हुँदा शव स्वदेश ल्याउने प्रक्रिया सहज, छिटो र प्रभावकारी बनाउनु सम्बन्धित निकायका लागि चुनौती बनेको छ।

दसैंमा घर फर्किने आफन्तको स्वागतको तयारी भइरहँदा विदेशमा ज्यान गुमाएका श्रमिकका परिवार भने अन्तिम बिदाइका लागि पार्थिव शरीर आउने प्रतीक्षामा छन्। यस्तो अवस्थामा सम्बन्धित देशको कानुनी प्रक्रिया पूरा गर्दै कूटनीतिक समन्वयलाई प्रभावकारी बनाउनु र पीडित परिवारलाई प्रक्रियाबारे नियमित जानकारी दिनु आवश्यक देखिन्छ।

### न्याय...

उनीहरूलाई तत्काल हिराइ गर्नुपर्ने सांसद खतिवडाले बताइन्। उनले मध्यान्हसँग भनिन्, 'जेनजी आन्दोलनका क्रममा पक्राउ परेका थुनुवालाई बिनासर्त तत्काल रिहा गर्न तथा घाइतेहरूको उपचारका लागि आवश्यक परे विदेशसम्म लैजानुपर्ने र त्यसको सम्पूर्ण खर्च राज्यले व्यहोर्नुपर्छ भन्ने मेरो माग हो।' उक्त मागबाट पछि नहटेको खतिवडाले बताइन्।

२०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा सहभागी भएको आरोपमा पक्राउ परेका कम्तीमा ११ सय युवाहरू अझै हिरासतमै रहेको जेनजी अभियान्ता सोडारीले बताए। उनीहरूमध्ये कतिलाई चोरी, डकैती, ज्यान मार्ने उद्योग, लुटपाट, सार्वजनिक अपराधलगायत छुट्टाछुट्टै मुद्दा लगाइएको छ। राजनीतिक परिवर्तनको आन्दोलनका अगुवा युवाहरूमाथि सरकारले झुटा आरोप लगाएर थुनेको अभियान्ता सोडारीको दाबी छ।

आन्दोलनकै जगबाट बनेको वर्गमान वालेन नेतृत्वको सरकारको मुख्य जग नै जेनजी आन्दोलन भए पनि सरकारले आफ्नो जग बिर्सिएको सोडारीले बताए। 'अहिले तिनै युवा पुस्ताको आन्दोलनको जगलाई सरकारले बिर्सिएर ११ सयभन्दा बढी जेनजी आन्दोलनकारीलाई थुनेको छ,' सोडारीले मध्यान्हसँग भने, 'भदौ २३ र २४ को आन्दोलनमा सहभागी भएका ११ सयभन्दा बढी जेनजीहरू देशको केन्द्रीय कारागारसहित विभिन्न जेलमा छन्।' सरकारले उनीहरूलाई सहजै नछाड्ने अवस्था आए जेनजी अभियान्ताहरूको साझा आह्वानमा पुनः आन्दोलन गर्ने चेतावनीसमेत उनले सरकारलाई दिए।

जेनजी आन्दोलनका क्रममा भदौ २४ को विध्वंशात्मक गतिविधिमा संलग्नहरू करिब एक वर्षदेखि थुनामा छन्। गम्भीर अपराध अनुसन्धानकै क्रममा थुनामा राखिएका उनीहरूलाई अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले बताए। असोज १४ गते प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिअन्तर्गतको उपसमितिले जेनजी आन्दोलनका क्रममा पक्राउ परी पुर्पक्षका लागि थुनामा रहेकाहरूलाई मुद्दा फिर्ता लिएर थुनामुक्त गर्न सिफारिस गरेको थियो। उपसमितिले कारागार तथा हिरासतको अवस्थाबारे अध्ययन गरी नीतिगत तथा कानुनी सुझाव र सिफारिससहितको प्रतिवेदन समितिलाई बुझाइसकेको छ।

सो प्रतिवेदनमा २०८२ भदौमा भएको जेनजी आन्दोलनका क्रममा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिमध्ये गम्भीर अपराधमा संलग्नबाहेक अन्यको मुद्दा फिर्ता लिएर थुनामुक्त गर्न सिफारिस गरेको थियो। सो सिफरिसका सन्दर्भमा सरकारले कुनै छलफल अघि बढाएको छैन। जेनजी आन्दोलनलाई राजनीतिक रूपका हेरिनुपर्ने र मानवीय संवेदनशीलतालाई ख्याल राख्नुपर्ने अभियान्ता सोडारीको भनाइ छ।

रास्वपाका वरिष्ठ नेता बालेन शाह नेतृत्वको सरकारले एकातिर यो जेनजीको सरकार हो भनेर अपनत्व लिन खोज्ने तर अर्कोतिर सरकारले 'खोला तार्‍यो, लौरो बिर्स्यो' भन्ने उक्तिलाई चरितार्थ गरेको सोडारीले दाबी गरे। 'सरकारले कहिले समिति बनाउने कहिले के गर्ने भनेर जेनजीलाई अल्मल्याउँदै आएको छ,' उनले यसअघि भने, 'जेनजी आन्दोलनलाई राजनीतिक आन्दोलनका रूपमा लिएको भए ११ सयभन्दा बढी जेनजी भाइबहिनीहरू थुनिएर बस्नुपर्ने अवस्था हुँदैनथ्यो। यो सरकार सत्ताकै लागि जेनजीलाई देखाएर अवसरको खेतीमा लागेको देखिन्छ।'

### निरन्तर...

ती महिलाले जवाफ दिन्छिन्, 'हस्'।

ती महिलाले फेरि सोध्छिन्, 'हजुरलाई पैसै मात्र चाहिएको हो त ?', सुनार भन्छन्, 'अँ मलाई पैसा चाहिएको हो। साँझ आउँछ हैन ?'

'हस्, तपाईंलाई पैसा नै चाहिएको हो भने म जसरी भए पनि रेडी गर्छु,' ती महिला भन्छिन्।

त्यसपछि सुनार अस्वाभाविक हाँसो हाँस्छन्। 'हिरोको आमालाई, हिरोइनलाई बलात्कार गर्दा भिलेनलाई जस्तो आनन्द आउँछ नि, मलाई त्यस्तै भै'राछ,' उनी निर्धक्कसँग भन्छन्। सार्वजनिक अडियो सुन्दा सुनार र ती महिलाबीच प्रेम रहेको र पछि खटपट भएको बुझ्न सकिन्छ।

यो विषय बाहिर आएपछि रास्वपाले विज्ञप्ति जारी गर्दै सुनारमाथि छानबिन गर्ने बताइसकेको छ। विज्ञप्तिमा भनिएको छ, 'कानुनभन्दा माथि कोही पनि हुँदैन, राज्यको अनुसन्धान र आन्तरिक छानबिनबाट प्राप्त निष्कर्षका आधारमा कानुन तथा पार्टी विधानबमोजिम थप कदम चालिनेछ।' महिलामाथि हुने दुर्व्यवहार, पदीय मर्यादाको उल्लंघन र फौजदारी कसुरका विषयमा पार्टी शून्य सहनशीलताको नीति रहेको विज्ञप्तिमा उल्लेख छ।

उनीमाथि आरोप लागेपछि पार्टीले आन्तरिक छानबिन अगाडि बढाएको छ। पार्टीले छानबिन निष्कर्षमा नपुग्दासम्म सांसद सुनारलाई सार्वजनिक पदको हैसियतमा कुनै पनि औपचारिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिएको छ।

रास्वपाका मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीले अनुशासन समितिबाट पनि काम अघि बढिसकेको जानकारी दिए। 'तत्काल काम सुरु गर्न निर्देशन दिइएको थियो, र छानबिन सुरु भइसकेको छ,' उनी भन्छन्, 'अनुशासन आयोगले निर्णय गरेर काम अघि बढाइसकेको छ। छानबिनमा लामो समय लाग्दैन। गर्नुपर्ने सबै छानबिन गरिन्छ।'

सबैतिरबाट दबाब आएपछि सांसद सुनारले आफूले अनुसन्धानमा सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्। सामाजिक सञ्जालमा एक भिडियो सार्वजनिक गर्दै उनले भ्रष्टाचारविरुद्ध आवाज उठाएका आधारमा आफूमाथि निरन्तर प्रहार भएको बताए।

'भ्रष्टाचारविरुद्ध प्रश्न गर्दै गर्दा एक नागरिकमाथि गरिएको निर्मम अत्याचार र घृणाको कठघरामा उभिएर म जवाफ दिन तयार छु,' उनले भनेका छन्, 'प्रहरीभित्रको भ्रष्टाचारविरुद्ध प्रश्न गरेदेखि ममाथि निरन्तर प्रहार भइरहेको छ। विभिन्न आरोप-प्रत्यारोपको सिकार भइरहेको छु।' विवादास्पद अडियोबारे प्रस्टीकरण दिँदै सुनारले काल्पनिक महिलासँगको अडियो सार्वजनिक गरिएको र ती सबै आरोप झुटा भएको दाबी गरेका छन्।'

सांसद सुनारको अडियो प्रकरणलाई रास्वपाको संसदीय दलले पनि गम्भीरतापूर्वक लिएको सचेतक प्रकाशचन्द्र परियारले बताए। उनका अनुसार पार्टीले विधि र प्रक्रियालाई पछ्याउने भए पनि गलत गतिविधिमा संलग्न व्यक्तिलाई संरक्षण नगर्ने नीति लिएको छ। 'अडियोमाथि छानबिन हुन्छ। यदि उक्त अडियो सम्बन्धित व्यक्तिकै भएको प्रमाणित भयो भने पार्टी एउटा व्यक्तिको पछि सती जान सक्दैन,' परियारले भने।

सुनारले सार्वजनिक भएको अडियो फेक हो भनिरहँदा यस विषयमा थुप्रैले आपत्ति जनाएका छन्। नेकपा (एमाले)की सांसद रामकुमारी झाँक्री सुनारबाट पीडित महिलाको सुरक्षामा सरकारले ध्यान दिनुपर्ने बताउँछिन्। 'यो अडियो मैले पूरा सुन्न सकिनँ, महिला डरले बोल्नै नसकेको जस्तो देखिन्छ। बच्चालाई समेत त्यो तहको गालीगलौज सहन सक्ने कुरा पटक्कै होइन,' उनले भनिन्, 'हिंसाको पनि हद हुन्छ, यो घटना सामान्य छैन। बच्चामाथि सुरक्षा खतरा छ। सरकार, नेपाल प्रहरीले तत्काल महिला र बच्चाको ज्यानको सुरक्षामा ध्यान देओस्।' उनले महिला र बालबालिकामाथिको हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुन नसक्ने बताइन्।

जनआस्थाले अडियो सार्वजनिक गरे पनि पीडित भनिएकी महिलाको सहमतिमा सार्वजनिक गरिएको हो कि होइन भन्ने विषय खुलेको छैन। नाम उल्लेख नगरिए पनि ती महिलाको परिचय खुल्ने धेरै विषय अडियोमा समावेश छन्। यसले महिलाको सुरक्षा र गोपनीयतामाथि प्रश्न उठेको महिला अधिकारकर्मीहरू बताउँछन्।

**सधैं विवादमा**

सांसद सुनार मुछिएको यो पहिलो विवाद होइन। 'दलितलाई खै' अभियानमार्फत चिनिएका उनको पृष्ठभूमि नै विवादित छ। रुकुम पश्चिममा नवराज विकसहित ६ जनाको हत्या भएको घटनामा न्यायका लागि उनले उठाएको दमदार आवाजलाई धेरैले प्रशंसा गरेका थिए। त्यसयता भने उनी निरन्तर विवादमा पर्दै आएका छन्।

सुर्खेतस्थित मेहेलकुना अस्पतालमा तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हातपात गरेको आरोपमा उनीविरुद्ध २०८१ असार १४ मा मुद्दा दर्ता भएको थियो। उक्त घटनामा अस्पताल प्रमुख डा. सोजन सापकोटाले जाहेरी दिएका थिए। यो विषय अझै टुंगिएको छैन। मुद्दा अदालतमा विचाराधीन छ। यसैगरी, २०८० असारमा सार्वजनिक शान्तिविरुद्धको कसुरमा उनीमाथि सुर्खेत प्रहरीले मुद्दा चलाएको थियो। २० हजार रुपैयाँ धरौटी बुझाएर उनी त्यतिबेला रिहा भएका थिए।

सामाजिक सञ्जालबाट महिलालाई गाली बेइज्जत गरेको आरोपमा उनीविरुद्ध काभ्रेपलाञ्चोक जिल्ला अदालतमा विद्युतीय कारोबारसम्बन्धी मुद्दा दर्ता भएको थियो। उनले फेसबुक लाइभबाट महिलाको चरित्रहत्या गरेको दाबीका साथ अधिवक्ता मनीषा गौतमले मुद्दा दर्ता गरेकी थिइन्। २०८२ कात्तिक १३ मा अदालतमा उपस्थित भएका उनी ५० हजार रुपैयाँ धरौटीमा छुटेका थिए।

यही विवादकै कारण जेनजी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारमा मन्त्रीको शपथ हुनुभन्दा केहीबेर अगाडि उनको नाम हटाइएको थियो। त्यतिबेला मन्त्री बन्न नसकेका उनी पछि रास्वपा प्रवेश गरे। गत फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा बाँके-३, बाट २९ हजार ५५१ मत ल्याएर निर्वाचित भए।

**पदीय मर्यादा उल्लंघनको आरोप**

सांसद सुनारमाथि पदीय मर्यादा उल्लंघन गरेको आरोप लाग्दै आएको छ। अभियन्ता हुँदा उनी सडकमा थिए। सडकबाट सरकारलाई प्रश्न गर्थे। अहिले उनी करिब दुईतिहाइसहित सरकारको नेतृत्व गरिरहेको दलको सांसद छन्। सदनमा पुग्दा पनि सडकको व्यवहार नछोडेको आरोप उनीमाथि लाग्दै आएको छ।

सांसद निर्वाचित भएलगत्तै कृष्ण विकको हिरासतमा भएको मृत्युलाई हत्या दाबी गर्दै उनले सिन्धुलीका प्रहरी र सिडिओलक्षित अमर्यादित टिप्पणी गरेका थिए। उनले कृष्णले आत्महत्या गरेको नभई प्रहरीले गरेको हत्या भएको दाबी गरेका थिए। 'दलितलाई मार्न पाइँदैन' भन्दै उनले यसको जिम्मेवारी प्रहरी प्रशासनले लिनुपर्ने बताएका थिए। सिडिओ र प्रहरी अधिकृतलाई 'घिसार्छु' भन्ने अभिव्यक्ति दिएका उनलाई त्यतिबेला रवि लामिछानेले समेत साथ दिएका थिए।

त्यतिबेला 'पीडाको आवाज मधुरो हुँदैन'भन्दै सुनारको बचाउ गरिएको थियो। त्यसयता उनी झन् उग्र रूपमा प्रस्तुत हुँदै आएका छन्। गत असार ७ गते चितवनको भरतपुरमा रास्वपाको महाधिवेशन उद्घाटन समारोहमा आएका अतिथिप्रति उनले गरेको टिप्पणी पनि विवादित भएको थियो। उनले 'भ्रष्टाचारी, आतंकारीले हामीलाई सिकाउनु पर्दैन' भन्दै गरेको टिप्पणी रास्वपामाथि नै भारी परेपछि सभापति रवि लामिछानेले सचेत गराएका थिए।

पछिल्लो समय उनी नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीसँगको लफडामा मुछिएका छन्। साउन २७ गते सार्वजनिक लेखा समितिको बैठकमा खगेन्द्र र महानिरीक्षक कार्कीबीच चर्काचर्की भएको थियो।

उनले गत फागुनमा भएको निर्वाचन प्रहरीका लागि जुत्ता, मोजा, ज्याकेट लगायत सामग्री खरिद गर्दा ६० करोड अनियमितता आरोप लगाएका थिए। 'आरोप लागेका व्यक्ति पदमै बसेर आफूविरुद्धको छानबिनमा प्रभाव पार्न सक्छ। बर्दी लाएर बसेर ल मलाई छानबिन गर भन्न पाइँदैन,' उनले भनेका थिए, 'आवश्यक परे सम्बन्धित व्यक्तिका मोबाइल तथा अन्य प्रमाण नियन्त्रणमा लिएर फौजदारी कसुरको कोणबाट अनुसन्धान गर्नुपर्छ।'

सांसद सुनारको आरोपप्रति आपत्ति जनाउँदै आइजिपी कार्कीले आफ्नो बचाउ गरेका थिए। 'आजसम्म निष्ठापूर्वक काम गरेका मान्छेलाई जथाभावी भन्या छ। जे मन लाग्यो त्यही भन्नु त उचित होइन होला। कुनै पनि ठाउँको एउटा सामान्य मर्यादा त हुन्छ होला नि !,' कार्कीले भनेका थिए।

उनले सुनारमाथि लक्षित गर्दै भनेका थिए- 'प्रहरीहरूलाई घिसार्छु भन्नेहरूले पनि बडा मिठो कुरा गरेको यहाँ सुन्न पाइयो। घिसार्छु भन्ने कुन किसिमको पाषाणयुगीन मानसिकता बोकेका मान्छेबाट हामी शासित हुँदै छौं कि भन्ने चिन्ता गरिराखेको, बीचमा बडा दूधले नुहाएका कुरा सुनिन्छ।'

भदौ २६ गतेको प्रतिनिधिसभा बैठकमा सुनारले महानिरीक्षक कार्कीमाथि भ्रष्टाचार र प्रहरीको जुत्ता-मोजा हिनामिनाको आरोप लगाउँदै सरकारसँग बर्खास्त गर्न माग गरेका थिए। यस विषयमा सांसद मनीष झाको नेतृत्वमा छानबिन समिति पनि बनेको छ, उक्त समितिमा उनी पनि सदस्य छन्। सुनार र प्रहरीबीच दोहोरी चलिरहेकै बेला अडियो सार्वजनिक हुनुलाई उनले आफूलाई फसाउने षड्यन्त्र भएको टिप्पणी गरेका छन्। 'यो ममाथिको षड्यन्त्र हो, प्रहरी मविरुद्ध हात धोएर लागेको छ। म यसको डटेर सामना गर्छु,' उनले भने।

### चरित्र...

त्यही वर्ष तत्कालीन सञ्चारमन्त्री गोकुल बास्कोटाको सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदसम्बन्धी कमिसन संवादको अडियो सार्वजनिक भयो। '७० करोड' प्रकरणका रूपमा चर्चित उक्त घटनापछि उनले मन्त्री पदबाट राजीनामा दिए। तर, रकम लेनदेन भएको पुष्टि भएको थिएन।

रास्वपाकै सांसद र श्रेष्ठ मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड ५० लाख रुपैयाँ मागेको अडियो सार्वजनिक भएपछि कारबाहीमा परे। मन्त्री बन्न ठिक्क परेका उनी पार्टीले उनले सांसद् पद मात्र गुमाएनन्, रास्वपाको साधारण सदस्यबाट समेत कारबाहीमा परे।

घुस र कमिसनका संवाद

अडियो विवाद नेताहरूमा मात्र सीमित छैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त राजनारायण पाठक २०७५ मा नेपाल इन्जिनियरिङ कलेजको विवाद मिलाइदिने भन्दै घुस लिएको भनिएको प्रकरणमा मुछिए। अडियो सार्वजनिक भएपछि उनले पदबाट राजीनामा दिए। उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको विवरण छ।

पूर्वमन्त्री मोहनबहादुर बस्नेत टेरामक्स प्रकरणसँग जोडिएको अडियो विवादमा तानिए। उनले अडियोलाई आफूविरुद्धको षड्यन्त्र भन्दै अस्वीकार गरेका थिए। विशेष अदालतले २०८३ असारमा उनलाई सफाइ दिएको विवरण छ।

पोखराको लिचीबारी जग्गा प्रकरणमा तत्कालीन मन्त्री राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठसहितका व्यक्तिसँग सम्बन्धित अडियो सार्वजनिक भएपछि भ्रष्टाचार मुद्दा अघि बढेको थियो। सोही कारण मन्त्री गुप्ताले राजीनामा दिनुपर्‍यो। पछिल्लो समय अख्तियारकी आयुक्त डा. सुमित्रा अमात्य र नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप अधिकारीसँग सम्बन्धित भनिएको अडियो चर्चामा छ।

### पुनः श्रम...

जैशीले सहजीकरणका नाममा रावतसँग शंकास्पद गतिविधि गरेको देखिएको उल्लेख छ। अध्यागमन कार्यालयले अनुसन्धानका क्रममा रावतले इसेवामार्फत जैशीको मोबाइल नम्बरमा १४ हजार रुपैयाँ पठाएको देखिएको जनाएको छ। वैदेशिक रोजगारीमा जाने श्रमिकलाई चेपुवामा पारेर रकम असुली गरिएको यो पहिलो घटना भने होइन। यसअघि कुवेत जाने श्रमिकको श्रम स्वीकृति नवीकरण नभएको घटनामा २८ हजार रुपैयाँमा मोलमोलाइ गरेर २३ हजार रुपैयाँ असुली गरिएको घटना सार्वजनिक भएको थियो।

वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिबिना कुवेत पुगेका श्रमिकले दीपक मल्ल नामका व्यक्तिको एनआइसी एसिया बैंकको क्युआरमा घुसबापत २३ हजार रुपैयाँ पठाएको बताएका थिए।

बिदामा नेपाल आएर पुनः श्रम गन्तव्यमा फर्किंदा श्रम स्वीकृति नवीकरण गर्नुपर्ने व्यवस्था छ। बिमा, अभिमुखीकरण, स्वास्थ्य परीक्षण र सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेपछि वैदेशिक रोजगार विभागले अनलाइन आवेदनका आधारमा पुनः श्रम स्वीकृति दिने गरेको छ। कहिलेकाहीँ विभागको अनलाइन प्रणालीमा समस्या आउने र कतिपयलाई पुनः श्रम स्वीकृति लिनुपर्छ भन्ने जानकारी नहुने भएकाले श्रमिक पुनः श्रम स्वीकृतिबिना नै विमानस्थल पुग्ने गरेका छन्।

यसैबीच, वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै ८० लाख ४८ हजार रुपैयाँ ठगी गरेको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चार जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बागलुङको तमानखोला गाउँपालिका-४ का २२ वर्षीय दीपक श्रीपाली, ललितपुरको महालक्ष्मी नगरपालिका-५ की ३४ वर्षीया नेहा अधिकारी, पाँचथरको याङवरक गाउँपालिका-६ का ४२ वर्षीय सुमन योङहाङ र चन्द्रागिरि नगरपालिका-६ की ४२ वर्षीया सुस्मिता नेपाली रहेका छन्।

प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार उनीहरूले वैदेशिक रोजगारीका लागि टर्की, बेलायत र दक्षिण कोरिया पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको हो।

प्रहरीका अनुसार दीपकले टर्की पठाइदिने भन्दै एक पीडितबाट २ लाख ४८ हजार रुपैयाँ, नेहाले बेलायत पठाइदिने भन्दै ६७ लाख रुपैयाँ, सुमनले दक्षिण कोरिया पठाइदिने भन्दै ६ लाख रुपैयाँ र सुस्मिताले बेलायत पठाइदिने भन्दै ५ लाख रुपैयाँ लिएको आरोप छ।

उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरूमाथि थप अनुसन्धान भइरहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

### मलेसियामा...

राज्यमा काम गर्दै आएका थिए। घरबाट पठाइएको सामान लिन जाने भन्दै उनीहरू गत बिहीबार रातिको काम सकेर शुक्रबार सार्वजनिक बसमार्फत राजधानी क्वालालम्पुर पुगेका थिए। त्यसपछि उनीहरू त्यहाँको एक होटलमा बसेको बताइएको छ।

सन्ध्याले शनिबार बिहान मृत्यु भएको जानकारी दिँदै साङ्गेलाले कम्पनीमा कार्यरत अन्य नेपाली कामदारलाई सन्देश पठाएको विवरण सार्वजनिक भएको छ। उनले अस्पतालमा रहेको बताउँदै रकमसमेत मागेकी थिइन्। तर, कुन अस्पतालमा रहेको हो भन्ने प्रश्नको स्पष्ट जवाफ नआएको र भिडियो कल गर्दा पनि सम्पर्क हुन नसकेपछि सहकर्मीहरूले शंका गरेका थिए।

सहकर्मीहरूले पटक-पटक रकम मागिएको विषयमा शंका लागेपछि पैसा नपठाई कम्पनीलाई जानकारी गराएका थिए। त्यसपछि घटनाबारे थप खोजी सुरु भएको बताइएको छ।

प्राप्त जानकारीअनुसार, दुवै महिलाको मृत्यु भएको खुलेको छ। सन्ध्याको मृत्यु भएको तस्बिर पठाएर रकम मागिएको भनिए पनि त्यसअघि नै साङ्गेलाको समेत मृत्यु भइसकेको हुन सक्ने उनका परिवारजनले आशंका गरेका छन्। मृतकहरूको सामाजिक सञ्जाल प्रयोग भइरहेको भनिएको विषयले पनि घटनालाई थप रहस्यमय बनाएको छ।

मलेसियामा नेपाली महिला मिल्दोजुल्दो प्रकृतिका घटनामा मृत फेला परेको विवरण सार्वजनिक भइरहेका बेला पछिल्लो घटनाले थप प्रश्न उठाएको छ। मृतकका आफन्तले घटनामा नेपाली नागरिककै संलग्नता हुन सक्ने आशंका व्यक्त गरेका छन्। यद्यपि, घटनामा कसको संलग्नता छ भन्ने विषय अनुसन्धानबाट पुष्टि हुन बाँकी छ।

प्रहरीले घटनाबारे अनुसन्धान अघि बढाएको र एक नेपाली नागरिक तथा एक स्थानीय व्यक्तिलाई पक्राउ गरी सोधपुछ तथा अनुसन्धान गरिरहेको स्रोतले जनाएको छ। तर, घटनाको वास्तविक कारण, मृत्युको परिस्थिति र रकम माग्न प्रयोग गरिएको सामाजिक सञ्जालसम्बन्धी विवरणबारे अनुसन्धानबाट थप तथ्य खुल्न बाँकी छ। नेपाली दूतावास स्रोतका अनुसार, अनुसन्धान पूरा नभएसम्म घटनाबारे कुनै निष्कर्षमा पुग्न सकिने अवस्था छैन। घटनाको सत्यतथ्य पत्ता लगाउन र मृतकका परिवारलाई न्याय दिलाउन निष्पक्ष अनुसन्धान आवश्यक देखिएको छ।

यता सांसद वर्षमान पुनले स्पेनमा करिब ८० हजार नेपाली गैरकानुनी र जोखिमपूर्ण अवस्थामा रहेको भन्दै नेपाली दूतावासको श्रमिक सुरक्षा र कन्सुलर सेवा चुस्त बनाउन संसदीय सुनुवाइ समितिमा माग उठाएका छन्।

उनले स्पेनमा औपचारिक अभिलेखमा ८ देखि ९ हजार मात्र नेपाली दर्ता भए पनि यथार्थ संख्या ७० देखि ८० हजार पुगिसकेको बताएका छन्। कागजातविहीन नेपाली श्रमिकलाई तेस्रो मुलुकका दलालले पाँचदेखि सात महिनासम्म बिनातलब काममा लगाएको भन्दै पूर्वमन्त्री पुनले तत्काल कूटनीतिक पहलकदमी बढाउन आग्रह समेत गरेका छन्।

# शिक्षक सरुवामा नयाँ नियम
# एक वर्ष पुगेपछि नै सरुवा मिल्ने

**काठमाडौं/मस–** शिक्षा नियमावलीमा गरिएको नयाँ संशोधनमार्फत सामुदायिक विद्यालयका शिक्षकहरूको सरुवा प्रक्रियामा फेरबदल गरिएको छ।

'शिक्षा (एघारौं संशोधन) नियमावली, २०८३'ले मूल नियमावलीको नियम ९९ मा संशोधन गर्दै शिक्षक सरुवाका नियमहरूलाई फेरबदल गर्न लागिएको हो।

प्रस्तावित नयाँ व्यवस्थाअनुसार अब स्थायी सेवा अवधि 'एक वर्ष पूरा भएका' र अनिवार्य अवकाश हुन' एक वर्षभन्दा बढी समय बाँकी रहेका' शिक्षकले एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सरुवाका लागि निवेदन दिन सक्नेछन्।

विशेष अवस्थाबाहेकका साधारण स्थायी शिक्षकहरूको हकमा यसअघि राखिएको तीनवर्षे अवधि घटाएर अब एक वर्ष सेवा अवधि पूरा भएपछि नै सरुवा गर्न बाधा नपर्ने व्यवस्था गरिएको छ।



यसको अर्थ अब कुनै पनि स्थायी शिक्षकले नयाँ विद्यालयमा हाजिर भएको वा नियुक्ति पाएको एक वर्षमै सामान्य रूपमा सरुवा पाउन सक्ने छैनन्। यसअघि यो तीन वर्ष पुगेपछि मात्र हुने व्यवस्था थियो। सरुवाका लागि आएका निवेदनहरूमाथि विचार गर्दा मानवीय र विशेष अवस्थालाई पहिलो प्राथमिकतामा राखिनेछ।

संशोधित नियमअनुसार 'ख' र 'ग' वर्गका अपांगता भएका शिक्षक, अरूको सहारा बिना हिँडडुल गर्न नसक्ने फरक क्षमताका व्यक्ति, गर्भवती महिला र दुई वर्षभन्दा कम उमेरका बच्चा भएका महिला शिक्षकलाई सरुवामा 'पहिलो प्राथमिकता' दिइनेछ। अन्य सामान्य शिक्षकहरूको हकमा भने विद्यालयले नै प्राथमिकताक्रम तय गर्नेछ।

यसैगरी, दुई विद्यालय वा शिक्षकहरूबीच हुने पारस्परिक सरुवाको हकमा पनि निवेदन दिने शिक्षकहरूको कम्तीमा एक वर्ष सेवा अवधि अनिवार्य रूपमा बाँकी हुनुपर्ने सर्त राखिएको छ। यसमा पनि यसअघि राखिएको तीन वर्षे बाध्यकारी अवधिलाई घटाएर एक वर्षमा झार्न प्रस्ताव गरिएको हो।

नियमावलीले 'विशेष अवस्था' लाई पनि थप प्रस्ट्याएको छ। यसअन्तर्गत स्थायी विपद्मा परेका शिक्षक, आकस्मिक वा आपत्कालीन अवस्थाका कारण ज्यान जोगाउनुपर्ने स्थिति, वा शिक्षकको पति/पत्नी, छोराछोरी वा आमाबुवालाई गम्भीर बिरामी भई निरन्तर हेरचाह गर्नुपर्ने अवस्थालाई समेटिएको छ। यस्तो अवस्था विशेषज्ञ डाक्टर वा मानसिक स्वास्थ्य विशेषज्ञबाट प्रमाणित भएको हुनुपर्नेछ।

यसैगरी, सरकारले तोकेको कडा रोग लागेको वा मेडिकल बोर्डले सिफारिस गरेको फरक क्षमता भएका शिक्षकले पनि यो सुविधा पाउनेछन्। नयाँ संशोधन लागू भएपछि साविकको नियमावलीमा रहेको उपनियम (१५) लाई भने पूर्ण रूपमा हटाउन प्रस्ताव गरिएको छ।

# हुलाक सेवालाई व्यवस्थित गरिने

**काठमाडौं/मस–** सूचना तथा सञ्चारमन्त्री डा.विक्रम तिमिल्सिनाले नेपालको हुलाक सेवालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय सेवाका रूपमा अघि बढाइने बताएका छन्।

हुलाक सेवा विभागद्वारा आज यहाँ आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया कार्यक्रममा उनले विश्वमै हुलाकको आफ्नै ऐतिहासिक महत्व र गरिमा रहेको स्पष्ट पारे। मन्त्री डा.तिमिल्सिनाले हुलाक सेवालाई क्षमता अभिवृद्धि गरी युग सुहाउँदो तुल्याएर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रभावकारी सेवा प्रवाह गर्ने संस्थाका रूपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिए।



मन्त्री तिमिल्सिनाले भने, 'अन्तर्राष्ट्रियस्तरमा हुलाक सेवा कहीँ पनि खारेज भएको छैन, यसको सेवामा परिवर्तन हुँदै आएकाले नेपालमा पनि हुलाकलाई प्रभावकारी बनाउन कर्मचारीको क्षमता अभिवृद्धि, साधनस्रोत सम्पन्न र दूरदराजका जनतासम्म सेवा पुऱ्याउने कार्यमा सहयोग गर्न सरकार लागिपरेको छ।'

उनले विगतमा हुलाकका गतिविधि, कमीकमजोरी र देखिएका समस्याको पहिचान गरी आगामी दिनमा हुलाकको काम प्रभावकारी बनाउन मतहतका कर्मचारीको विशेष पहल आवश्यक रहेको बताए। मन्त्री तिमिल्सिनाले बजेट अभाव, साधनस्रोत कमी र कार्यसम्पादनमा जटिलता देखाएर कुनै पनि कर्मचारी आफ्नो अधिकार र कर्तव्यबाट नपन्छिन निर्देशन दिए।

हुलाकको सेवालाई छिटोछरितो र गुणस्तरीय बनाउनेमा विभाग मातहतका सबै निकाय र कर्मचारीको सकारात्मक सोच र प्रतिबद्धता आवश्यक रहेको उनको भनाइ छ। सरकारले हुलाकमा गरेको लगानीको पूर्ण सदुपयोग गर्न कर्मचारीतन्त्रले सकारात्मक सोच र प्रतिबद्धताका कार्यसम्पादन गर्नुपर्ने उनले धारणा व्यक्त गरे।

# डिलरमार्फत नै ग्यास खरिद गर्न संघको आग्रह

**काठमाडौं/मस–** नेपाल एलपी ग्यास उद्योगले डिलरमार्फत नै ग्यास खरिद गर्न उपभोक्तालाई आग्रह गरेको छ। एलपी ग्यासको सहज उपलब्धता सुनिश्चित उद्देश्यले उपत्यकाका विभिन्न १३ स्थानबाट ग्यास बिक्री गरिए पनि उपभोक्तालाई असुविधा पर्न गएको भन्दै संघले



अब डिलरमार्फत नै ग्यास खरिद गर्न आग्रह गरेको हो। संघका अध्यक्ष दिवान चन्दले विज्ञप्ति जारी गर्दै नजिकको डिलरमा गई ग्यास खरिद गर्न उपभोक्तालाई अनुरोध गरेका छन्। नेपाल आयल निगम र एलपी ग्यास उद्योग संघले समन्वयमा उपत्यकामा बजारीकरण भइरहेका सबै ब्राण्डका सिलिण्डर बिक्रीवितरणको व्यवस्था मिलाइएको थियो।

# भोटेकोशी बाढीप्रभावित १ हजारभन्दा बढी अझै होल्डिङ सेन्टरमा

**काठमाडौं/मस–** रसुवाको भोटेकोशी बाढीबाट प्रभावित १ हजार ५० जना अझै होल्डिङ सेन्टरमा रहेको गृह मन्त्रालयले जनाएको छ। प्रभावित नागरिकका लागि अस्थायी आवास निर्माण तथा पुनःस्थापनाको काम अघि बढाइएको र होल्डिङ सेन्टरमा रहेका नागरिकलाई पहिलो प्राथमिकतामा राखिएको मन्त्रालयले स्पष्ट पारेको छ।

मंगलबार सिंहदरबारमा बसेको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको बैठकमा गृह सचिव केदारनाथ शर्माले यस्तो जानकारी दिएका हुन्। उनका अनुसार बाढी प्रभावितलाई राख्न बनाइएका होल्डिङ सेन्टरको संख्या ३७ बाट घटाएर १७ मा सीमित गरिएको छ। अधिकांश प्रभावित नागरिक भाडाका घरमा सर्न थालेपछि होल्डिङ सेन्टरको संख्या घटाइएको उनले बताए। होल्डिङ सेन्टरमा रहेका नागरिकलाई अब अस्थायी संक्रमणकालीन आवास तथा आश्रयस्थलमा लैजाने तयारी भइरहेको गृह सचिव शर्माले जानकारी दिए। प्रभावित नागरिकको पुनःस्थापनाको कामसमेत सँगसँगै अघि बढाइएको उनको भनाइ छ।

'होल्डिङ सेन्टरहरू ३७ बाट १७ वटामा झारिएका छन्। अहिले पनि होल्डिङ सेन्टरमा १ हजार ५० जना हुनुहुन्छ। हामी ट्रान्जिसनल सेन्टर सेल्टरमा लैजाने तयारी गरेका छौं। ती १ हजार ५० जना पहिलो प्राथमिकता पाउनुहुन्छ,' उनले भने।

### ३५ स्थानीय तह संकटग्रस्त क्षेत्र घोषित

गृह सचिव शर्माका अनुसार भदौ १० गते तथा असोज ८ र ११ गतेका विपद्बाट प्रभावित स्थानीय तहलाई संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ। विपद्बाट प्रभावित नागरिकलाई राहत तथा आवासको व्यवस्था गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको उनले बताए। उनका अनुसार भदौ र असोजमा भएका विपद्बाट प्रभावित स्थानीय तहलाई चरणबद्ध रूपमा संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ। प्रभावित परिवारलाई घरभाडा उपलब्ध गराउने निर्णयअनुसार सहायता व्यवस्थापनको काम पनि अघि बढाइएको छ।

असोज २५ गते बूढीगण्डकी नदीमा आएको बाढीबाट थप चार स्थानीय तह प्रभावित भएको उनले जानकारी दिए। ती स्थानीय तहलाई पनि संकटग्रस्त क्षेत्र घोषणा गर्ने र प्रभावित परिवारलाई घरभाडाको व्यवस्था गर्ने विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा छलफल भइरहेको उनले बताए। बूढीगण्डकी बाढीबाट प्रभावित स्थानीय तहका नागरिकलाई समेत आवश्यक सहायता उपलब्ध गराउने विषयमा सरकारले छलफल गरिरहेको उनको भनाइ छ।

### मृतकका परिवारलाई दुई लाख रुपैयाँ राहत

गृह सचिव शर्माले विपद्मा परी मृत्यु भएकाका परिवारलाई प्रतिव्यक्ति दुई लाख



रुपैयाँ राहत उपलब्ध गराउने व्यवस्था कार्यान्वयनको चरणमा रहेको जानकारी दिए। तर, बाढीमा परी बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत उपलब्ध गराउनुअघि बेपत्ता व्यक्तिलाई मृतकका रूपमा प्रमाणित गर्नुपर्ने उनले स्पष्ट पारे। उनका अनुसार राहत वितरणका लागि प्रभावित तथा मृतकको विवरण संकलन गरी प्रमाणीकरण गर्ने प्रक्रिया अपनाइन्छ। सुरुमा सम्बन्धित वडाबाट विवरण स्थानीय विपद् व्यवस्थापन समितिमा पठाइन्छ। त्यसपछि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा विवरण पुग्छ। प्राधिकरणले देशभरका प्रभावित तथा राहत पाउने व्यक्तिको नामावली संकलन र प्रमाणीकरण गरेपछि राहत वितरण प्रक्रिया अघि बढ्ने उनले बताए।

'विपद्मा मृत्यु हुनेहरूलाई नगद राहत प्रतिव्यक्ति दुई लाख दिने हाम्रो कार्यविधिमा छ। त्यसको लागि बेपत्तालाई मृतक भन्नुपर्ने हुन्छ। बेपत्तालाई मृतक भेरिफिकेसन गर्नुपर्ने हुन्छ,' उनले भने। उनका अनुसार राहत रकम सम्बन्धित स्थानीय तहमार्फत वितरण गरिनेछ। त्यसैले प्रभावित परिवारले राहत पाउन आवश्यक विवरण तथा कागजात सम्बन्धित निकायमा पेस गर्नुपर्ने हुन्छ।

### पुनःस्थापना र आवास व्यवस्थापनमा जोड

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको पुनःस्थापना तथा आवास व्यवस्थापनलाई सरकारले प्राथमिकतामा राखेको गृह सचिव शर्माले बताए। होल्डिङ सेन्टरमा रहेका नागरिकलाई सुरक्षित आवासमा स्थानान्तरण गर्ने, भाडामा बस्ने परिवारलाई सहायता उपलब्ध गराउने र विपद्बाट प्रभावित परिवारको विवरण प्रमाणीकरण गर्ने काम अघि बढाइएको उनले जानकारी दिए। विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै दीर्घकालीन पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसका लागि संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायबीच समन्वय गरेर काम भइरहेको गृह सचिव शर्माको भनाइ छ।

संसदीय विशेष समितिको बैठकमा भोटेकोशी एवं कालीगण्डकी करिडोर क्षेत्रमा भएका विपद्, प्रभावित नागरिकको अवस्था, राहत वितरण र पुनःस्थापनासम्बन्धी विषयमा छलफल भएको थियो।

## Talkot Rural Municipality
## Office of the Rural Municipal Executive

**Talkot, Bajhang**
**Sudurpashchim Provience, Nepal**

**Invitation For Sealed Quotation**

**Date of publication:- 14th Oct 2026**
**Last Date of Submission: 4th Nov 2026**

Talkot Rural Municipality, Office of Rural Municipal Executive, Talkot Bajhang invites National Competitive Bidding from Nepalese eligible bidders under Hard Copy National Competitive Bidding (NCB) Procedures for procurement of works mentioned below:

| S.N. | Contact No | Project Name | Estimated Amount (Excluding VAT) | Bid security NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-BJH-NCB/Works-01-2083/084 | Badigaun Dekhi Rajiya Sadak Nirman | Rs. 1,12,12,383.80 | 3,36,000 | 3,000 |

| | Bank | Account Name | Account Number | Office Code | Remarks |
|---|---|---|---|---|---|
| 1 | Everest Bank Talkot Branch | GA.1.1 Aantarik Rajashwa Khata | 07900106200004 | 80770505300 | |
| 2 | Everest Bank Talkot Branch | GA 3 Dharauti Khata Number (For bid security) | 07900106200003 | 80770505300 | |

For more details please visit office of Talkot Rural Municipal Executive or contact 9858420845, 9864973392, 9849460075.

## नबिल बैंक लिमिटेड, खाँदबारी शाखा, संखुवासभाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८३/०६/२८)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०४/११ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा खाँदबारी शाखा, संखुवासभा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

गर्ज मान विश्वकर्माको नाति, राम बहादुर विश्वकर्माको छोरा, संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ११ भई हाल संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. १२२१-५६ (जारी मिति: २०५६/०६/०२, स्थान संखुवासभा) भएको **टंक बहादुर विश्वकर्मा** र राम बहादुर विश्वकर्माकी छोरी, राम बहादुर विश्वकर्माकी बुहारी, टंक बहादुर विश्वकर्माकी श्रीमती, संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ११ भई हाल संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. १०-०१-७१-०११८० (जारी मिति: २०७१/०७/१९, स्थान संखुवासभा) भएकी **शारदा विश्वकर्मा**।

**धितोको विवरण**

संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ११ भई हाल संखुवासभा जिल्ला खाँदबारी न.पा. वडा नं. ०३ बस्ने, **टंक बहादुर विश्वकर्मा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला मनकामना गा.वि.स. वडा नं. ०५ सिट नं. ५ मा अवस्थित कि.नं. ११४० क्षेत्रफल ५०५ बर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा खाँदबारी शाखा, संखुवासभामा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०७/११ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा खाँदबारी शाखा, संखुवासभा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०७/१२ गते ४:०० बजे बैंकको **खाँदबारी शाखा, संखुवासभा** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा खाँदबारी शाखा, संखुवासभा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०४/२४ मा दर्ता भएको **दर्ता नं.: १३८१५२** को **राधेश्याम इन्टेरीयर प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०६/२४ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, वाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. ३८७, फोन नं. ९८४१३४०४०३**

### हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०८११०११० मा दर्ता भएको **एच.बि. एजुकेशन कन्सल्टेन्सी प्रा. लि.(प्रा.लि. नं. ३५९७३२)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

### विशेष दर्ता खारेजी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६९१०५१३१ मा दर्ता भएको **प्रा.लि. नं. ९७३१०** को **युनिक वर्ल्ड इन्टरनेशनल** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५६/१२/१० मा दर्ता भएको **प्रा.लि. नं. १२४६०** का **क्रियटिभ इन्टरनेशनल प्रा.लि.**को मिति २०८३/०६/२७ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४९१०१२५ मा दर्ता भएको **प्रा.लि. नं. १००३९२** को **हिमालयन हाउजिङ्ग कम्पनि प्रा.लि.**को मिति २०८३/०६/२३ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: कुमार राज जोशी, इजाजतपत्र नं. २१४, फोन नं. ९८५१०१८२८२**

**Malaysia मा रोजगार** LOTUSS STORES SDN. BHD.

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८३/०६/०८ चलानी नं. ६०२६१६५९ LTNo. : 348494

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Food Processing Operator | 8 | 0 | काममा दक्ष | 1700 | ६३,६९०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८३ कार्तिक ४ गते (21 Oct., 2026) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
Contact Person : 9801182627, E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

मध्यान्ह
www.madhyanhadaily.com
२८ असोज २०८३ बुधबार
14 October 2026 Wednesday

## सम्पादकीय

# शव प्रतीक्षाको पीडा

दसैं परिवारसँग भेटघाट, सुखदुःख साटासाट र खुसी बाँड्ने पर्व हो। टाढिएका आफन्त घर फर्किने, घरआँगनमा रमाइलो गर्ने र मान्यजनबाट टीका तथा आशीर्वाद लिने समय हो। तर, यही पर्वका बेला विदेशमा ज्यान गुमाएका नेपालीका परिवार भने आफ्ना प्रियजनको शव पर्खिरहेका छन्। वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका ३८ नेपालीको शव स्वदेश ल्याउने प्रक्रिया जारी रहेको तथ्यले दसैंको उल्लासभित्र लुकेको पीडालाई उजागर गर्छ।

वैदेशिक रोजगार बोर्डको सचिवालयका अनुसार पछिल्लो तीन महिनामा मात्रै २९७ जना श्रमिकको शव नेपाल ल्याइएको छ। आर्थिक वर्ष २०८२/८३ मा एक हजार ८४, २०८१/८२ मा एक हजार ९२ र २०८०/८१ मा ९६८ जनाको शव स्वदेश ल्याइएको तथ्यांक छ। दैनिक तीनदेखि चारजनासम्म श्रमिकको शव ल्याउनुपर्ने अवस्थाले वैदेशिक रोजगारीसँग जोडिएको मानवीय संकटको गम्भीरता देखाउँछ। यो तथ्यांकको विषय मात्र होइन, हजारौं परिवारको पीडा र देशको श्रम व्यवस्थापनसँग जोडिएको प्रश्न पनि हो।

वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको महत्त्वपूर्ण आधार बनेको छ। विप्रेषणले परिवारको खर्च धान्न, शिक्षा र स्वास्थ्यमा लगानी गर्न तथा राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गरेको छ। तर, यसका लागि विदेशिएका नागरिकको जीवन, सुरक्षा र मृत्युपछिको सम्मानजनक व्यवस्थापनमा राज्यले उत्तिकै जिम्मेवारी लिनुपर्छ। श्रम स्वीकृति दिएर विदेश पठाउनु मात्रै राज्यको दायित्व पूरा हुनु होइन। श्रमिकको सुरक्षा, मृत्युको अवस्थामा परिवारलाई सहयोग र शव स्वदेश ल्याउने प्रक्रियालाई सहज बनाउनु पनि सरकारको जिम्मेवारी हो।

विदेशमा मृत्यु भएपछि सम्बन्धित देशको कानुनी प्रक्रिया पूरा गर्न समय लाग्न सक्छ। त्यसैले सबै शव तत्काल ल्याउन सम्भव नहुन सक्छ। तर, प्रक्रियागत जटिलता र प्रशासनिक ढिलाइका कारण शोकमा रहेका परिवार थप पीडित हुनु हुँदैन। सम्बन्धित नेपाली दूतावास, परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, कन्सुलर सेवा विभाग र वैदेशिक रोजगार बोर्डबीच प्रभावकारी समन्वय हुनुपर्छ। शव ल्याउने प्रक्रियाको अवस्था, लाग्ने सम्भावित समय र आवश्यक कागजातबारे परिवारलाई नियमित जानकारी दिनुपर्छ। शंकास्पद मृत्युका घटनामा निष्पक्ष अनुसन्धानलाई पनि प्राथमिकता दिनुपर्छ।

दसैंमा घर फर्किने आफन्तको प्रतीक्षा गर्नु र विदेशबाट शव आउने प्रतीक्षामा बस्नुबीच ठुलो अन्तर छ। राज्यले यो पीडा बुझ्नुपर्छ। विदेशमा ज्यान गुमाएका श्रमिकका परिवारलाई राहत दिनु भनेको शव ल्याइदिनु मात्रै होइन, उनीहरूको दुःखमा राज्य साथमा छ भन्ने अनुभूति दिलाउनु पनि हो। चाडपर्वमा औपचारिक शुभकामनाभन्दा पीडित परिवारलाई तत्काल सहयोग आवश्यक छ। विदेशमा श्रम गर्ने नागरिकको सम्मान र उनीहरूका परिवारको संवेदनाप्रति उत्तरदायी बन्न सके मात्रै राज्यको जिम्मेवारी पूरा हुनेछ।

# महिला श्रम र समानताको प्रश्न

दसैंको चहलपहलमा महिलाको श्रम र जिम्मेवारी बढ्छ, तर त्यसको उचित पहिचान र सम्मान हुँदैन। घरायसी काम महिलाको मात्र दायित्व होइन। जिम्मेवारी बाँड्ने, महिलाको समय र स्वतन्त्रताको सम्मान गर्ने अभ्यासबाटै समानता र न्यायपूर्ण समाजको सुरुवात हुन्छ।

अग्रलेख



● विणाकुमारी सिंह

दसैं नेपाली समाजको महत्त्वपूर्ण सांस्कृतिक पर्व हो। रोजगारी, व्यापार-व्यवसाय, अध्ययन र अन्य कामका सिलसिलामा वर्षभरि घरबाहिर रहेका परिवारका सदस्य घर फर्किने, आफन्तसँग भेटघाट गर्ने र खुसी साटासाट गर्ने अवसर पनि हो यो। घटस्थापनासँगै घरघरमा सरसफाइ, पूजाको तयारी र चाडपर्वको चहलपहल सुरु भएको छ। तर, यो चहलपहलभित्र एउटा महत्त्वपूर्ण प्रश्न लुकेको छ- दसैंको खुसी र जिम्मेवारी सबैले समान रूपमा बाँडिरहेका छौं त ?

विशेषगरी मधेशको सामाजिक तथा सांस्कृतिक परिवेशमा दसैंजस्ता चाडपर्वले महिलाको श्रम र जिम्मेवारी बढाउँछन्। घरको लिपपोत र सरसफाइदेखि भान्छाको व्यवस्थापन, पूजाको तयारी, खानपान, पाहुनाको सत्कार तथा बालबालिका र ज्येष्ठ नागरिकको हेरचाहमा महिलाको समय र श्रम खर्च हुन्छ। घरका अन्य सदस्य भेटघाट र रमाइलोमा सहभागी भइरहँदा महिलाहरू भने बिहानदेखि रातिसम्म घरायसी काममा व्यस्त रहने अवस्था अझै व्यापक छ। यो घरायसी कामको विषय मात्र होइन। श्रमको विभाजन, सामाजिक मान्यता र लैंगिक शक्तिसम्बन्धसँग जोडिएको सवाल पनि हो।



### अदृश्य महिला श्रम

हाम्रो समाजमा घरायसी कामलाई प्रायः महिलाको स्वाभाविक जिम्मेवारीका रूपमा बुझिन्छ। खाना पकाउने, घर सफा गर्ने, परिवारका सदस्यको हेरचाह गर्ने र चाडपर्वको व्यवस्थापन गर्ने काम महिलाले गर्नैपर्छ भन्ने मान्यता गहिरो गरी बसेको छ। यसले महिलाको श्रमलाई जिम्मेवारीका रूपमा स्वीकार गरे पनि त्यसको पहिचान र सम्मान गर्न भने कन्जुस्याइँ गर्छ।

महिलाले घर र परिवारका लागि गर्ने कामको आर्थिक मूल्य प्रत्यक्ष देखिँदैन। त्यसैले उनीहरूको समय, श्रम र योगदानलाई सामान्य ठानिन्छ। तर, घरायसी श्रमबिना परिवारको दैनिक जीवन र सामाजिक पुनरुत्पादन सम्भव हुँदैन। परिवारका सदस्यलाई काम गर्न, पढ्न र सार्वजनिक जीवनमा सहभागी हुन सहज बनाउने आधार पनि यही श्रम हो।

महिलावादी दृष्टिकोणबाट हेर्दा घरभित्रको श्रम विभाजन व्यक्तिगत रुचि वा पारिवारिक व्यवस्थापनको विषय मात्र होइन। यो महिला र पुरुषका लागि समाजले निर्धारण गरेका भूमिका, अपेक्षा र शक्तिसम्बन्धको परिणाम पनि हो। घरायसी कामलाई महिलाको मात्र दायित्व मान्दा उनीहरूको समय र स्वतन्त्रतामाथि असमान नियन्त्रण स्थापित हुन्छ।

### मधेशमा चाडपर्व र लैंगिक भूमिका

मधेशको सामाजिक जीवनमा परिवार, आफन्त, परम्परा र सामुदायिक सम्बन्धको ठुलो महत्त्व छ। चाडपर्वले यी सम्बन्धलाई थप प्रगाढ बनाउँछन्। तर, यिनै सांस्कृतिक अभ्यासभित्र कतिपय असमान लैंगिक मान्यताले पनि निरन्तरता पाउँछन्।

दसैंको तयारीका क्रममा घर सफा गर्ने, खानेकुरा तयार पार्ने, पूजा सामग्री जुटाउने र पाहुनाको स्वागत गर्ने जिम्मेवारी प्रायः महिलामाथि बढी पर्छ। परिवारका सदस्य घर फर्किएपछि महिलाको काम घट्नुको सट्टा झन् बढ्न सक्छ। महिलाले पनि दसैं मनाउने, आराम गर्ने र आफन्तसँग रमाउने इच्छा राख्छन् भन्ने कुरा व्यवहारमा सधैं प्राथमिकतामा पर्दैन।

यहाँ प्रश्न संस्कृति वा परम्पराको विरोध गर्ने होइन। कुनै परम्पराले महिलामाथि असमान श्रमको भार थपिरहेको छ भने त्यसलाई समानता र न्यायको दृष्टिले पुनर्विचार किन नगर्ने भन्ने हो।

संस्कृति स्थिर हुँदैन। समाजसँगै संस्कृति पनि परिवर्तन हुन्छ। समानता, सम्मान र न्यायलाई आत्मसात् गर्दै सांस्कृतिक अभ्यासलाई अझ समावेशी बनाउन सकिन्छ। परम्पराको संरक्षणका नाममा असमानतालाई निरन्तरता दिनु आवश्यक छैन।

### समानता आफ्नै घरबाट

लैंगिक समानताको चर्चा गर्दा हामी प्रायः राज्यका नीति, कानुन, राजनीतिक प्रतिनिधित्व र सार्वजनिक क्षेत्रमा महिलाको सहभागिताबारे कुरा गर्छौं। यी सबै महत्त्वपूर्ण छन्। तर, समानताको वास्तविक अभ्यास घरभित्रबाट पनि सुरु हुनुपर्छ।

दसैं सबैको साझा पर्व हो भने यसको तयारी र जिम्मेवारी पनि सबैको साझा हुनुपर्छ। घरको सरसफाइ, खाना पकाउने, पूजा सामग्री तयार गर्ने, पाहुनाको सत्कार गर्ने तथा बालबालिका र ज्येष्ठ नागरिकको हेरचाह गर्ने काममा परिवारका सबै सदस्य सहभागी हुनुपर्छ। यी कामलाई महिला र पुरुषको काम भनेर छुट्याउनुको सट्टा आवश्यकता, समय र क्षमताअनुसार बाँड्न सकिन्छ।

छोरालाई पनि भान्छाको काम सिकाउने, छोरीलाई मात्र घरायसी जिम्मेवारीमा सीमित नराख्ने र पुरुषले घरायसी काममा सहभागी हुँदा त्यसलाई सहयोग नभई आफ्नो जिम्मेवारीका रूपमा बुझ्ने संस्कृतिको विकास आवश्यक छ। घरको काममा पुरुषको सहभागिता महिलालाई सहयोग गर्ने विषय मात्र होइन, असमान श्रम विभाजन परिवर्तन गर्ने अभ्यास हो। त्यस्तै, महिलालाई चाडपर्वका निर्णयमा समान सहभागिता, आराम गर्ने समय, आफन्तसँग भेटघाट गर्ने अवसर र आफ्नो इच्छाअनुसार पर्व मनाउने स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ। महिलाले सबै काम सकेपछि मात्र रमाउन पाउने होइनन्। उनीहरू पनि सुरुदेखि नै उत्सवका समान हिस्सेदार हुन्।

### उत्सवमा समानता, समाजमा न्याय

लैंगिकमैत्री दसैं मनाउनु घरका काम बाँड्नुमा मात्र सीमित छैन। यसले परिवारमा कसको श्रमलाई मूल्यवान् मानिन्छ, कसको समयलाई प्राथमिकता दिइन्छ र निर्णय गर्ने अधिकार कसले पाउँछ भन्ने प्रश्नलाई पनि अगाडि ल्याउँछ। घरभित्रको समान अभ्यासले बालबालिकालाई लैंगिक समानताको व्यावहारिक शिक्षा दिन्छ र सामाजिक परिवर्तनको आधार तयार गर्छ।

महिलाको श्रमको सम्मान गर्नु भनेको उनीहरूले गर्ने कामको प्रशंसा गर्नु मात्र होइन। त्यो श्रम समान रूपमा बाँड्नु, महिलाको समय र स्वतन्त्रताको सम्मान गर्नु तथा निर्णय प्रक्रियामा उनीहरूलाई समान स्थान दिनु पनि हो। पुरुष सदस्यले घरायसी काममा सहभागी हुनु, बालबालिकाले जिम्मेवारी बाँड्नु र परिवारले महिलाको आराम तथा खुसीलाई प्राथमिकता दिनु परिवर्तनका ठोस अभ्यास हुन्।

दसैंको खुसी महिलाको अतिरिक्त श्रममा आधारित हुनु हुँदैन। कुनै घरमा सबै सदस्य रमाइलो गरिरहँदा एउटी महिला निरन्तर भान्छामा खटिरहेकी छन् भने त्यो उत्सवको समानता अपूरो छ। महिलाको श्रमलाई अदृश्य बनाएर मनाइने उत्सवले समानताको सन्देश दिन सक्दैन।

यस वर्षको दसैंमा हामीले आफ्नै घरबाट एउटा प्रश्न उठाऔं- हामीले महिलालाई दसैंको शुभकामना मात्र दिइरहेका छौं कि उनीहरूको श्रम, समय र स्वतन्त्रताको सम्मान पनि गरिरहेका छौं ?

मधेशका घरआँगनबाट समानताको अभ्यास सुरु गर्न सकिन्छ। जिम्मेवारी बाँडेर, विभेदकारी मान्यतामाथि प्रश्न उठाएर र महिलालाई उत्सवको समान हिस्सेदार बनाएर दसैंलाई अझ न्यायपूर्ण र अर्थपूर्ण बनाउन सकिन्छ। दसैं सबैको हो भने यसको खुसी पनि सबैको हुनुपर्छ र खुसीको जिम्मेवारी पनि सबैले बाँड्नुपर्छ। महिलाको श्रमको सम्मान, समान जिम्मेवारीको अभ्यास र लैंगिक न्यायप्रतिको प्रतिबद्धतासहित यस वर्षको दसैं मनाऔं।

**(लेखक सिंह मधेश प्रदेशमा महिला मानवअधिकार रक्षकका रूपमा सक्रिय छिन्।)**

# पलाञ्चोक भगवती : आस्था र संस्कृतिको धरोहर

आस्था



● विश्वनाथ खरेल

*पलाञ्चोक भगवती मन्दिर नेपालको शक्ति उपासना, धार्मिक आस्था र परम्परागत वास्तुकलाको महत्त्वपूर्ण धरोहर हो। काभ्रेपलाञ्चोकमा अवस्थित यस मन्दिरले स्थानीय संस्कृति, सामाजिक एकता र अर्थतन्त्रमा योगदान पुऱ्याएको छ। यसको मौलिकता र परम्परा जोगाउन योजनाबद्ध संरक्षण आवश्यक छ।*

नेपालको सांस्कृतिक र धार्मिक इतिहासमा शक्ति उपासनाको विशिष्ट स्थान छ। विभिन्न शक्तिपीठमध्ये काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित पलाञ्चोक भगवती मन्दिर महत्त्वपूर्ण धार्मिक स्थल हो। यो मन्दिर शक्ति उपासनाको परम्परा, स्थानीय संस्कृति र ऐतिहासिक धरोहरको जीवन्त प्रतीक पनि हो। पलाञ्चोक भगवती मन्दिरको इतिहास प्राचीन मानिन्छ। यसको स्थापना कहिले भयो भन्ने निश्चित प्रमाण नभए पनि यसलाई नेपालको पुरानो शक्तिपीठमध्ये एक मानिन्छ। स्थानीय जनविश्वास र लोककथाअनुसार यसको सम्बन्ध सत्ययुगसम्म पुग्छ। ऐतिहासिक विवरणमा मध्यकालीन नेपालमा यस मन्दिरले विशेष महत्त्व पाएको उल्लेख छ। विभिन्न राजवंशले यसको संरक्षण र विकासमा योगदान दिएका थिए। विशेषगरी मल्लकालमा मन्दिरको पुनर्निर्माण र विस्तार भएको बताइन्छ।

प्राचीन समयमा काभ्रेपलाञ्चोक क्षेत्र स्वतन्त्र राज्यका रूपमा रहेको जनविश्वास छ। त्यहाँका राजाहरूले पलाञ्चोक भगवतीलाई इष्टदेवीका रूपमा पूजा गर्ने परम्परा रहेको मानिन्छ। यसले मन्दिरलाई धार्मिक स्थलका साथै तत्कालीन राजकीय शक्तिको प्रतीकका रूपमा पनि स्थापित गरेको थियो।

### धार्मिक महत्त्व र वास्तुकला

पलाञ्चोक भगवतीलाई शक्तिकी देवी दुर्गाको एक रूप मानिन्छ। नेपालको शक्ति उपासना परम्परामा यस मन्दिरको महत्त्वपूर्ण स्थान छ। धार्मिक विश्वासअनुसार यहाँ देवीको स्वयम्भू मूर्ति प्रकट भएको मानिन्छ। मूर्तिको स्वरूप र पूजाविधि यस मन्दिरका विशिष्ट पक्ष हुन्। देशका विभिन्न भागबाट भक्तजन यहाँ दर्शनका लागि आउँछन्। विशेषगरी दसैंलगायत प्रमुख चाडपर्वमा मन्दिरमा भक्तजनको भिड लाग्छ।

मन्दिरको संरचना नेपाली परम्परागत पगोडा शैलीमा बनेको छ। यसको छाना तामा वा सुनले मढिएको बताइन्छ। मुख्यद्वार र भित्री भागमा धार्मिक आकृति तथा मूर्तिहरू छन्। परिसरमा साना मन्दिर र विभिन्न देवीदेवताका मूर्ति पनि रहेका छन्। वरपरका पवित्र स्थल र वृक्षले मन्दिरको धार्मिक वातावरणलाई



थप विशेष बनाएका छन्। मन्दिरमा प्रयोग भएका काठ, ढुंगा र धातुका कलाकृतिले नेपाली परम्परागत कला तथा शिल्पकौशलको झल्को दिन्छन्। त्यसैले यो मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई नेपालको परम्परागत वास्तुकला अध्ययनका लागि पनि महत्त्वपूर्ण छ।

### पूजा, जात्रा र परम्परा

पलाञ्चोक भगवती मन्दिरमा परम्परागत विधि र नियमअनुसार पूजा गरिन्छ। यहाँ बलि दिने प्रचलन पनि छ। धार्मिक विश्वासअनुसार बलि चढाउँदा देवी प्रसन्न हुने र भक्तजनको मनोकामना पूरा हुने मान्यता छ। विशेष पर्वका अवसरमा यहाँ बलि चढाउने गरिन्छ। पुजारीहरूले परम्परागत वंशक्रमअनुसार विशेष मन्त्र र विधिबाट पूजा गर्दै आएका छन्। दैनिक पूजा, विशेष अनुष्ठान र उत्सवका आफ्नै परम्परा छन्।

दसैंका अवसरमा मन्दिरमा विशेष पूजा र मेला लाग्छ। देशका विभिन्न स्थानबाट भक्तजन दर्शनका लागि आउँछन्। यस अवसरमा धार्मिक अनुष्ठान, बलि र सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ। तिहार, नववर्ष तथा अन्य चाडपर्वमा पनि यहाँ विभिन्न गतिविधि हुन्छन्। मन्दिरसँग जोडिएका लोककथा र मिथक स्थानीय समुदायमा पुस्तौंदेखि प्रचलित छन्। यस्ता कथाले मन्दिरको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई थप जीवन्त बनाएका छन्।

### सामाजिक प्रभाव र संरक्षणको आवश्यकता

पलाञ्चोक भगवती मन्दिर स्थानीय समुदायको आस्था र विश्वासको केन्द्र हो। यसले सामाजिक एकता र सद्भाव कायम राख्न पनि योगदान दिएको छ। विभिन्न जातजाति र समुदायका मानिस यहाँ पूजा गर्न आउँछन्। मन्दिरवरपर विकसित बस्ती र बजारले स्थानीय अर्थतन्त्रमा समेत योगदान पुऱ्याएका छन्। भक्तजनलाई लक्षित सेवा तथा व्यवसायले स्थानीय रोजगारी र आयआर्जनका अवसर सिर्जना गरेका छन्।

धार्मिक उत्सवका क्रममा स्थानीय कला, संगीत र नृत्य प्रस्तुत गर्ने अवसरसमेत मिल्छ। यसबाट स्थानीय सांस्कृतिक परम्पराको संरक्षण र पुस्तान्तरणमा सहयोग पुगेको छ।

ऐतिहासिक र धार्मिक महत्त्व बोकेको यस मन्दिरको संरक्षणमा भने विभिन्न चुनौती छन्। समयको प्रभाव, भूकम्प, वर्षा तथा अन्य प्राकृतिक प्रकोपले संरचनामा क्षति पुऱ्याउन सक्छन्। मानवीय गतिविधिले पनि मन्दिरको वातावरणमा असर पार्न सक्छ। त्यसैले मन्दिरको मौलिक स्वरूप, कलाकृति र धार्मिक परम्परा जोगाउन योजनाबद्ध संरक्षण आवश्यक छ।

मन्दिरको संरक्षण र पुनर्निर्माणमा स्थानीय समुदाय, धार्मिक संस्था तथा सरकारी निकायको भूमिका महत्त्वपूर्ण हुन्छ। साथै, नयाँ पुस्तालाई यसको इतिहास, धार्मिक महत्त्व र सांस्कृतिक परम्पराबारे जानकारी दिन आवश्यक छ। यसले भावी पुस्तामा आफ्नो सम्पदा संरक्षणप्रतिको जिम्मेवारीबोध विकास गर्न मद्दत गर्छ।

पलाञ्चोक भगवती मन्दिर नेपालको शक्ति उपासना परम्परा र सांस्कृतिक विरासतको अमूल्य धरोहर हो। यो पूजास्थल मात्र नभई नेपाली समाजको आस्था, सामाजिक एकता र सांस्कृतिक पहिचानसँग जोडिएको सम्पदा पनि हो। यसको मौलिकता र परम्परा जोगाउन सबै पक्षको सहभागिता आवश्यक छ। उचित संरक्षण र संवर्द्धन गर्न सके यसले नेपालको धार्मिक तथा सांस्कृतिक जीवनमा आफ्नो विशिष्ट स्थान कायम राखिरहनेछ।

इतिहासको पाना

● सुनिल उलक

# भैरव गणनृत्य देखाउने प्रचलन



करिब सय वर्षअघि पनि भैरव गणनृत्य विभिन्न ठाउँमा देखाउन लगिने चलन रहेछ। नृत्य देखाएबापत दर्शकले स्वेच्छाले रकम चढाउँथे। नाच्ने, राग गाउने, बाजा बजाउने र सहयोगीसमेत गरी करिब ६० जना सहभागी हुन्थे।

१७ ठाउँमा नृत्य देखाउँदा ११८ रुपैयाँ संकलन भएको विवरण छ। भैरवका लागि एउटा राँगो, आठवटा बोका, पाँचवटा हाँस, एउटा भेडा र एउटा कुखुरा पनि चढाइएको देखिन्छ। नृत्यमा सहभागी सबैले अनिवार्य रूपमा रकम चढाउनुपर्ने व्यवस्था थियो। नृत्य कलाकारले बराबर रकम चढाउँथे भने बाजा बजाउने र राग गाउनेहरूले पनि समान रकम चढाउँथे। सहभागी, शुभेच्छुक र दर्शकबाट संकलित रकम जम्मा गरी ब्याजमा लगाउने गरिएको थियो। हरेक वर्ष ब्याजबाट प्राप्त रकमको हिसाबसमेत राखिएको देखिन्छ।

नृत्यका लागि बोलाउनेमध्ये बडाहाकिमले सबैभन्दा बढी १९ रुपैयाँ चढाएका थिए भने भेगजंग बाबुसाहेबले एक रुपैयाँ मात्र चढाएको विवरण छ। यसबाट १९ रुपैयाँ चढाउने बडाहाकिम धनशमशेर पोखरा आइसकेको अनुमान गर्न सकिन्छ।

सन् १९९० मा धनशमशेर पोखरा आएपछि दुई बाबुसाहेबबीच प्रतिस्पर्धा सुरु भएको थियो। लामो समयदेखि पोखराको बडाहाकिम रहेका भेषजंग र नयाँ बडाहाकिम धनशमशेरबीच अहंकारको टकराव थियो। त्यसबेला नालामुखको चोक उनीहरूको प्रभाव क्षेत्र छुट्याउने सीमाजस्तै थियो। नालामुखदेखि उत्तर धनशमशेर र दक्षिण भेषजंगको प्रभाव थियो।

भेगजंग र उनका बुबा भूपेन्द्रजंग दुवै पोखराका बडाहाकिम थिए। पोखराको गैह्रापाटनमा रहेको ५० झ्याल र १२ ढोका भएको विशाल दरबार जंगबहादुरका छोरा जगतजंगले बनाइदिएका थिए। भूपेन्द्रजंगले विसं १९३२ मा छोरा भेषजंगका नाममा भैरवका बाह्र गणका तामाका ख्वापा बनाएर चढाएका थिए।

पछि विवरण लेखिएको चाँदीको किँकिपा लुकाएर इतिहास मेटाउने प्रयास भएको बताइन्छ। त्यसपछि बनाइएको भैरवको किँकिपामा कुनै विवरण लेखिएको छैन। यसअघि बनाइएको ख्वापा प्रयोगविहीन भएपछि भीमसेन मन्दिरको माथिल्लो तलामा राखिएको थियो। तीमध्ये केही हराइसकेका छन् भने केही व्यक्तिका घरमा पुगेका छन्।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। - सं.

# एक लाख बढीले छाडे काठमाडौं



**काठमाडौं/मस-**हिन्दुहरूको महान् पर्व बडादसैं मनाउन काठमाडौं उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप दिनहुँ बढ्दै गएको छ । घटस्थापनादेखि मंगलबारसम्म एक लाख नौ हजार ६३६ जनाले काठमाडौं उपत्यका छाडेका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि आजसम्म १७ हजार १३९ वटा सवारीसाधनमार्फत एक लाख नौ हजार ६३६ जना उपत्यकाबाट बाहिरिएका हुन् ।

दसैं नजिकिँदै जाँदा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायका सिलसिलामा काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका नागरिकहरू आफ्नो जन्मथलो फर्किन थालेपछि उपत्यकाका प्रमुख नाकामा यात्रुको चहलपहलसहित चाप बढेको हो ।

उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार उपत्यका छाड्ने यात्रुमध्ये ४१ हजार ९४६ जना महिला र ६७ हजार ६९० जना पुरुष रहेका छन् । दसैं मनाउन घर फर्किने क्रमसँगै लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढ्दै गएको उनले बताए ।

दसैं मनाउन उपत्यका छाड्ने यात्रुको संख्या बढेसँगै काठमाडौं उपत्यकाका प्रमुख नाकामा सवारीसाधनको आवागमन बाक्लिएको छ । विभिन्न जिल्लातर्फ जाने यात्रु सार्वजनिक बस तथा अन्य सवारीसाधनमार्फत गन्तव्यतर्फ प्रस्थान गरिरहेका छन् ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नागढुंगा, फर्पिङ, थानकोट, भीमढुंगा, तीनपिप्ले, साँखु, भक्तपुर र भट्टेडाँडालगायतका नाकाबाट यात्रु बाहिरिने क्रम जारी छ । यी नाकामा दसैंका लागि घर फर्किने यात्रुको चाप बढ्दै गएपछि सवारीसाधनको आवागमन व्यवस्थापनमा ट्राफिक प्रहरीले विशेष ध्यान दिएको छ ।

दसैंमा परिवार तथा आफन्तसँग भेटघाट गरी पर्व मनाउन उपत्यकाबाट बाहिरिनेको संख्या अझै बढ्ने अनुमान गरिएको छ । चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा गराउने चुनौती पनि थपिएको छ ।

दसैं, तिहारलगायत चाडपर्वका समयमा यात्रुको सुरक्षा सुनिश्चित गर्न र सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताए ।

उनका अनुसार यात्रुको आवागमन सहज बनाउने, सवारी साधनको चाप व्यवस्थापन गर्ने र सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सडकमा निगरानी बढाएको छ ।

'यात्रुको सुरक्षा र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको छ । हाम्रो उद्देश्य सबैको यात्रा सफल र सुरक्षित होस् भन्ने हो', उनले भने ।

चाडपर्वका समयमा लामो दूरीको यात्रा गर्ने यात्रुले सवारी साधनको अवस्था, चालकको स्वास्थ्य तथा सवारी चलाउने समयजस्ता विषयमा विशेष ध्यान दिनुपर्ने तथा यात्रु र सवारी चालक दुवैले सावधानी अपनाउँदा सम्भावित दुर्घटना कम गर्न सकिने उनको भनाइ छ ।

यातायात व्यवस्था विभागका अनुसार हाल नागढुंगा-नौबिसे सडक खण्ड, मुग्लिन-नारायणगढ सडक, कान्ति लोक पथ र बिपी राजमार्गलगायतका प्रमुख सडकमा दुवैतर्फ यातायात सञ्चालन भइरहेको छ ।

दसैं मनाउन उपत्यकाबाट बाहिरिने यात्रुको चाप बढिरहेका बेला मुख्य सडकमा यातायात सञ्चालन भइरहेकाले यात्रुलाई आफ्नो गन्तव्यसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ । यद्यपि, मुख्य नाकामा सवारीसाधनको चाप बढ्दा यात्रा समय लम्बिन सक्ने भएकाले यात्रुले यात्राको योजना बनाउँदा पर्याप्त समय छुट्याउनु उपयुक्त हुने नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौलाले बताए ।

उनले भने, 'दसैंका लागि घर फर्किने यात्रुको संख्या बढेसँगै उपत्यकाबाट बाहिरिने सडक तथा सार्वजनिक यातायातमा थप चाप पर्ने देखिएको छ । यस्तो अवस्थामा ट्राफिक नियमको पालना, सुरक्षित गति र यात्रु क्षमताअनुसार सवारी साधन सञ्चालन भइरहेको छ ।'

दसैं नेपालीहरूको प्रमुख सांस्कृतिक तथा पारिवारिक पर्व भएकाले यस अवसरमा देशका विभिन्न भागमा रहेका नागरिक आफ्नो घर फर्किने गर्छन् । उपत्यकामा अध्ययन, रोजगारी र व्यवसायका लागि बसोबास गर्दै आएका नागरिक गाउँघर फर्किन थालेसँगै राजधानीका सडक, बसपार्क तथा बाहिरी नाकामा चहलपहल बढेको जनाइएको छ ।

# नि:शुल्क आँखा शिविरमा ४२८ जनाले पाए सेवा

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ असोज




ग्रामीण भेगका सर्वसाधारणलाई घरआँगनमै सहजरूपमा आँखा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ सञ्चालित बृहत् नि:शुल्क आँखा स्वास्थ्य महाअभियानअन्तर्गत रौतहटको ईशनाथ नगरपालिका-३ औरैयामा आयोजित शिविर सम्पन्न भएको छ । औरैयास्थित जनता माध्यमिक विद्यालयमा मंगलबार सम्पन्न उक्त शिविरबाट ४२८ जना स्थानीय नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पताल पुरेनवाको आयोजना तथा प्राविधिक सहयोग रुइत फाउन्डेसनको आर्थिक सहयोग र युवा समाजसेवी राकेश पटेलको विशेष पहल तथा सहकार्यमा शिविर सञ्चालन गरिएको हो ।

शिविरमा आँखा परीक्षण गराएकामध्ये २६६ जना महिला र १६२ जना पुरुष रहेका छन् । स्वास्थ्य परीक्षणका क्रममा मोतिबिन्दू तथा अन्य जटिल प्रकारका आँखासम्बन्धी समस्या पहिचान भएका ८३ जना बिरामीलाई नि:शुल्क शल्यक्रियाका लागि छनोट गरिएको कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले जानकारी दिए । छनोटमा परेका बिरामीहरूलाई अस्पतालको आफ्नै सवारीसाधनमार्फत गौर आँखा अस्पताल ल्याउने शल्यक्रिया पश्चात् सकुशल घरसम्म पुऱ्याउने तथा सम्पूर्ण उपचार सेवा नि:शुल्क उपलब्ध गराइने व्यवस्था मिलाइएको संयोजक पाण्डेले बताए । यसका साथै शिविरमा आँखाको उपचार गराउन आएका ३०७ जना सेवाग्राहीलाई आवश्यकता अनुसार नि:शुल्क औषधि वितरण गरिएको छ । शिविरमा सुयोग बलम्पाकी र अमित दासको संयुक्त नेतृत्वमा ललित झा, शिवशंकर महतो, सन्तोष यादव, गौरीशंकर राउतसहित सात जना प्राविधिक स्वास्थ्यकर्मीको टोलीले बिरामीहरूको आँखा परीक्षण परामर्श तथा उपचार सेवा प्रदान गरेका थिए ।

ग्रामीण क्षेत्रमा व्याप्त अन्धोपन न्यूनीकरण तथा पहुँचबाहिर रहेका नागरिकलाई लक्षित गर्दै गौर आँखा अस्पतालले यो अभियानलाई निरन्तरता दिँदै आएको छ । अभियानअन्तर्गत आगामी कात्तिक १० गते रौतहटकै परोहा नगरपालिका स्थित जिंगडवामा अर्को बृहत् नि:शुल्क आँखा शिविर सञ्चालन गर्ने तयारी भइरहेको संयोजक पाण्डेले जनाए ।

## माई अरब लमजुङ दसैं कप २०२६

# नखिल गोर्खा र लमजुङ एफसी च्याम्पियन

**निशान्त पाठक/मध्यान्ह**
दुबई, युएई, २७ असोज




युएईमा नेपाली समुदायबीच एकता, भाइचारा र फुटबलको विकास गर्ने उद्देश्यले आयोजित माई अरब लमजुङ दसैं कप २०२६ सम्पन्न भएको छ । प्रतियोगिताको ओपन एजतर्फ नखिल गोर्खा एफसी र भेट्रान्सतर्फ लमजुङ एफसी वारियर्स च्याम्पियन बनेका छन् । ओपन एजको फाइनलमा नखिल गोर्खा एफसीले मेची महाकाली एफसीलाई ५-१ गोल अन्तरले पराजित गर्दै उपाधि जित्यो । विजेताले ९ हजार र उपविजेताले ४ हजार दिराम पुरस्कार प्राप्त गरेका छन् ।

त्यस्तै, भेट्रान्सतर्फ लमजुङ एफसीले ग्रिन सिटी इलाम एफसीसँग निर्धारित समयमा २-२ गोलको बराबरी खेलेपछि पेनाल्टी सुटआउटमा ३-२ को जित निकाल्दै उपाधि हासिल गरेको थियो ।

लमजुङ एफसी-माई अरबको आयोजनामा तीन सातासम्म सञ्चालन भएको प्रतियोगितामा विभिन्न नेपाली फुटबल टोलीहरूको सहभागिता रहेको थियो । प्रतियोगिता सफल बनाउन सहयोग गर्ने प्रायोजक, सहभागी टोली, खेलाडी, युएई नेपाली फुटबल संघ, नेपाली रेफ्री कमिटी तथा सम्पूर्ण सहयोगीप्रति आयोजकले धन्यवाद व्यक्त गरेको छ । प्रतियोगिताले युएईमा रहेका नेपालीबीच आपसी सद्भाव बढाउनुका साथै नेपाली फुटबलको विकासमा योगदान पुऱ्याएको आयोजकको विश्वास छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/१०/१५ मा दर्ता भएको **दर्ता नं.: १०९२९० को आस्था इलेक्ट्रिकल कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०६/२७ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, वाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७३/०२/०२ मा दर्ता भएको श्री **विशाल आयल स्टोर प्रा. लि.** (दर्ता नं. १४९२७४) नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
टोल फ्रि नं.:१६६००-११-३०००
शाखा कार्यालय: अमरसिंह, पोखरा
फोन नं.: ०६१-४३५१७१

### निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मिति: २०८३/०६/२८**

नर बहादुर गुरुङको छोरा, कास्की जिल्ला साविक पोखरा उ.म.न.पा. वडा नं-१८, हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १० बस्ने ना.प्र.नं.४६-०१-७१-०५३९४ जि.प्र.का. कास्की, जारी मिति २०७१/०५/२७ भएको यस बैंकका निक्षेप ग्राहक श्री खोमानन्द गुरुङको मिति २०८३/०२/१२ गतेको दिन मृत्यु भएको भनी मृत्यु दर्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित खोमानन्द गुरुङको छोरा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १४, बस्ने ना.प्र.नं. ४०८१०/कास्की भएको वर्ष ४८ को भक्त राज गुरुङले निज खोमानन्द गुरुङको नाममा यस बैंकमा रहेको खाता नं ००२१४१००२९२७२६००००१ र ०९४१३५००२९२७२६०००००३ को निक्षेप रकम भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र प्रमाण सहित यस बैंकको शाखा कार्यालय अमरसिंहमा आफ्नो हकदावी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र कसैको हकदावी पर्न नआएमा उक्त खातामा रहेको रकम नियमानुसार भुक्तानी गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## कुवेतमा रोजगार

कम्पनी: 4 ONE BEAUTY LADIES SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२१०१ — LT. No.: 338689 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७४,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 4 | | 150 | ७४,४४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ४ गते (21 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** — Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut), 9704026025, 971-2028603, Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com


# Sunkoshi Rural Municipality
# Office of Rural Municipal Executive
## Mulkharka, Okhaldhunga
## Koshi Province, Nepal

## INVITATION FOR HARDCOPY BIDS

**Publication Date : 2083-06-28 B.S. (2026-10-14 A.D.)**

1. **Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga invites sealed hardcopy bids from eligible Nepalese bidders for the following works.**

| S. N. | Contract/ Identification No. | Name of Contract | Estimated Amount (without VAT, Contingency & PS Item) | Bid Fee Amount | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SRMO/NCB/WORKS /2-2083/84 | Wada Karyalaya Dekhi Prabudha Ma.Vi. Ko Gate Samma Dhalan | 26,00,680.92 | 3,000 | 65,500 | NCB Single-Stage: Single-Envelope |
| 2 | SRMO/NCB/WORKS /3-2083/84 | Phalate Bazzar Byabasthapan Ra Nirman | 38,81,363.72 | | 1,10,000 | |
| 3 | SRMO/NCB/WORKS /4-2083/84 | Mandredobhan Koshbhanjyang Mulkharka Sadak | 85,82,535.93 | | 2,42,500 | |
| 4 | SRMO/NCB/WORKS /5-2083/84 | Mulkharkha-Para-Molung Dhovan Sadak | 38,82,018.22 | | 1,10,000 | |
| 5 | SRMO/NCB/WORKS /6-2083/84 | Wada Karyalaya Gherabara Ra Bidhyalaya Samrachana Nirman Yojana | 34,54,315.39 | | 98,000 | |
| 6 | SRMO/NCB/WORKS /7-2083/84 | Thulme- Sisneri -Phalate-Mulkharka Gramin Sadak | 1,64,07,252.76 | | 4,63,500 | |
| 7 | SRMO/NCB/WORKS /8-2083/84 | Balakhu Ma.Vi. Bidhyalaya Bhawan | 39,79,897.98 | | 1,12,500 | |
| 8 | SRMO/NCB/WORKS /9-2083/84 | Kalika Ma.Bi. Koshhat Bidhyalaya Bhawan | 77,98,934.75 | | 2,20,500 | |
| 9 | SRMO/NCB/WORKS /10-2083/84 | Wada Stariya Sadak Marmat (Sunkoshi 1,3,4 & 8) | 37,70,951.16 | | 1,06,500 | |
| 10 | SRMO/NCB/WORKS /11-2083/84 | Chanchaladevi-Thulipokhari Purbadhar Nirman Wada No. 7 | 44,31,898.22 | | 1,25,500 | |
| 11 | SRMO/NCB/WORKS /12-2083/84 | Thadobari Gundabari Kakani Hudai Palika Sadarmukam Mulkharka Khanepani Yojana Sunkoshi 5 (Phase II) | 1,53,78,416.35 | | 4,34,000 | |

| | |
|---|---|
| **Date, Time & Place of Pre-Bid Meeting** | 2083/07/09 B.S. (2026/10/26 A.D.) 8:00 AM<br>Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga |
| **Date, Time & Place for Deadline for Purchasing of Bid Document** | 2083/07/17 B.S. (2026/11/03 A.D.) during office hours at Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga |
| **Date, Time & Place for Deadline for Bid Submission** | 2083/07/18 B.S. (2026/11/04 A.D.) till 12:00 noon at Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga |
| **Date,Time & Place of Bid Opening** | 2083/07/18 B.S. (2026/11/04 A.D.) after1:00 PM at<br>Sunkoshi Rural Municipality , Mulkharka , Okhaldhunga |
| **For Bid Fee** | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account name: SUN GA. PA. AANTARIK RAJASWO GA-1.1<br>Account no. : **0950073610000031** |
| **For Bid Security** | **Name of the Bank : Machhapuchchhre Bank Limited**<br>**Account Name : SUNKOSHI GA.PA. DHARAUTI GA-3**<br>**Account No.: 0950073610000045** |
| **Bid Security Validity Date Period** | 120 days from deadline date of bid submission |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga** or may visit website www.sunkoshimunokhaldhunga.gov.np, Email:- ito@sunkoshimunokhaldhunga.gov.np/sunkoshee@gmail.comCAO:-9852887800, Engineer : 9861317671
3. Sealed bids (Hardcopy) must be submitted to the office **"Office of the Rural Municipal Executive,Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga"** by hand/courier before 12:00 noon on 2083/07/18 B.S. (2026/11/04 A.D.).Bids received after this deadline will be rejected.
4. If the Public Procurement Act or Regulations are amended after the publication of this notice, the amended provisions shall apply.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Lokendra Bahadur Rai**
**Chief Administrative Officer**

# नेपथ्यको प्रस्तुतिमा झुम्यो कीर्तिपुर



**काठमाडौं/मस-** नेपथ्य कन्सर्टका लागि सम्पूर्ण टिकट पहिल्यै बिक्री भइसकेको थियो । त्यही पनि टिकट किन्न पाइने आसमा आइपुगेका तन्नेरी निराश हुँदै फर्किरहेका देखिन्थे, भित्र आठ हजार दर्शकका निम्ति तयार मैदानमा जताततै नाचिरहेका थिए दर्शक । त्यस भीडलाई नचाइरहेका थिए नेपथ्यका अमृत गुरुङले ।

कीर्तिपुर नेपथ्य ब्यान्ड आफ्नो पहिलो कन्सर्टका लागि उत्रिएको ठाउँ हो। साढे तीन दशकअघि भर्खर जन्मिएको ब्यान्डलाई पहिलो पटक प्रस्तुतिका लागि निम्त्याएका थिए त्रिभुवन विश्वविद्यालयको अंग्रेजी विभागका विद्यार्थीले । विश्वविद्यालयको अडिटोरियम हलमा त्यति बेला नेपथ्यले केवल दुईवटा गितारको सहायतामा 'अकोस्टिक कन्सर्ट' गरेको थियो । त्यस विन्दुबाट यात्रा गरेर नेपथ्य शनिबार त्यही कीर्तिपुरको ल्याब स्कुल मैदानसम्म आइपुगेको हो। यति बेला ब्यान्डसँगसँगै यसका संस्थापक एवं मुख्य गायक अमृत पनि हरहिसाबले परिपक्व भइसकेका छन् । यस बीचमा ब्यान्डलाई मन पराउँदै हुर्किएका फरकफरक पुस्ताका दर्शकका निम्ति नेपथ्य झन्पछि झन् ऊर्जावान् बन्दै गएको छ, जुन शनिबारको नेपथ्य साँझले थप पुष्टि गरेको छ।

प्रस्तुतिका क्रममा अमृतले आफू विश्वविद्यालय पढ्दाको समय सम्झिए । 'त्यति बेला कीर्तिपुरका फाँटहरू जताततै खाली देखिन्थे,' उनले भने, 'हामी विशेष गरेर भाषा र संस्कृतिबारे अनेक बहस गर्थ्यौं ।' कार्यक्रममा कर्णाली भेगबाटै संकलन गरिएको पछिल्लो गीत 'कर्नालीका छाइला' प्रस्तुत गर्नुअघि अमृतले नेपाली भाषाको उत्पत्ति थलो कर्णालीको सिँजा उपत्यकाबारे पनि अमृतले चर्चा गरे ।

'भाषा रहे भाका रहन्छ,' उनले आह्वान गरे, 'यो नेपाली भाषालाई सबै मिलेर बचाऔं है... ।'

सबै उमेर समूहका दर्शक देखिने कन्सर्टमा त्रिभुवन विश्वविद्यालयको कूटनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध विभागका पूर्वप्रमुख प्रेम खनाल पनि थिए । पोखराको लेखनाथ घर भएका खनाल 'घर हाम्रो पोखरा' भन्ने गीत प्रस्तुत हुँदा नाचिरहेका देखिन्थे । यो उनको पाँचौ नेपथ्य अनुभव थियो। प्रस्तुतिका क्रममा मुलुकले लगातर प्राकृतिक विपत्ति झेल्दै आएको प्रसङ्ग निकाल्दै गायक अमृतले यस्तो बेला सरकार र प्रभावित समुदायलाई गच्छे अनुसारको सहयोग गर्न दर्शकमाझ आह्वान पनि गरे। दुईवटा म्युजिक भिडियोको प्रस्तुतिसहित निर्धारित समयमै सुरु भएको कन्सर्टमा अमृतले अन्तिममा राष्ट्रिय झन्डाको महिमा बयान गर्दै 'रातो र चन्द्रसुर्जे' गीतका साथ प्रस्तुति समापन गरे। मञ्चमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गिटारमा सुबिन शाक्य, गिटारमा नीरज गुरुङ, किबोर्डमा दिनेशराज रेग्मी र मादलमा सुन्दर महर्जनले सघाएका थिए।

## चेतन राईले ल्याए 'दसैं तिहार'




**काठमाडौं/मस-** नेपाली संगीत क्षेत्रमा डेढ दशकभन्दा लामो समयदेखि सक्रिय गायक तथा संगीतकार चेतन राईले नेपालीहरूको महान् चाड दसैं र तिहारलाई समेटेर तयार पारिएको 'दसैं तिहार' बोलको म्युजिक भिडियो सार्वजनिक गरेका छन् । उक्त गीत चेतन राई अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

समसामयिक विषयवस्तुमा आधारित गीतसंगीत प्रस्तुत गर्दै आएका राईले यस गीतमार्फत नेपाली चाडपर्वको उल्लास, पारिवारिक आत्मीयता, आपसी सद्भाव र सांस्कृतिक महत्त्वलाई प्रस्तुत गर्ने प्रयास गरेका छन्। दसैं र तिहार नेपाली समाजमा विशेष महत्त्व राख्ने पर्व भएकाले यी चाडपर्वसँग जोडिएका खुसी, उमङ्ग र भेटघाटका क्षणलाई गीतमा समेटिएको छ।

गीतमा शब्द रचना, स्वर तथा अभिनय स्वयं चेतन राईकै रहेको छ । नेपाली कला तथा संगीत क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएका राईले आफ्ना सिर्जनामार्फत नेपाली समाज र जनजीवनसँग जोडिएका विषयलाई प्रस्तुत गर्दै आएका छन् । 'दसैं तिहार' पनि नेपाली संस्कृति र चाडपर्वको विशेषतालाई संगीतमार्फत दर्शकमाझ पुऱ्याउने प्रयासका रूपमा आएको छ।

यस गीतको म्युजिक भिडियो निर्देशन प्रवीण पुरीले गरेका हुन् । भिडियोमा दुई दर्जनभन्दा बढी कलाकारको अभिनय देख्न सकिन्छ। भिडियोको सम्पादन तथा कलरिङको जिम्मेवारी नारायण श्रेष्ठले सम्हालेका छन्।

दसैं र तिहारको रमाइलो वातावरण, सांस्कृतिक परम्परा र चाडपर्वसँग जोडिएका भावनालाई समेटेर तयार पारिएको यस म्युजिक भिडियोले नेपाली दर्शक तथा स्रोताको माया पाउने अपेक्षा गरिएको छ। विशेषगरी चाडपर्वको समयमा नेपाली गीतसंगीतले उत्सवको रौनक थप्ने भएकाले 'दसैं तिहार'ले पनि दर्शक तथा स्रोतामाझ राम्रो प्रभाव पार्ने विश्वास गरिएको छ।

## थानेश्वरको दसैं गीत 'छुट्टी लिएको थिएँ आमा' सार्वजनिक

**काठमाडौं/मस-** गायक तथा संगीतकार थानेश्वर गौतमको स्वर र संगीतमा रहेको नयाँ दसैं गीत 'छुट्टी लिएको थिएँ आमा दसैं मनाउनलाई' सार्वजनिक भएको छ। गौतमको आधिकारिक युट्युब च्यानल 'थानेश्वर गौतम अफिसियल' मार्फत गीत सार्वजनिक गरिएको हो ।

गीतमा सूर्य बुढाथोकीको शब्द र नारायण दंगालको संगीत संयोजन रहेको छ। मनोज परियारले गीतको मिक्सिङ तथा मास्टरिङ गरेका छन् भने गोपाल दयाल रेकर्डिस्टका रूपमा रहेका छन्। गीतमा भुवन गन्धर्वले तबला, ढोलक तथा मादल, यात्रीराज अधिकारीले भायोलिन र गोपाल देवले बाँसुरी बजाएका छन्। गीतको रेकर्डिङ म्युजिक प्लस स्टुडियोमा गरिएको हो ।

'छुट्टी लिएको थिएँ आमा दसैं मनाउनलाई' शीर्षकले नै दसैंमा घर फर्किने चाहना र पारिवारिक आत्मीयतालाई संकेत गर्छ। दसैंलाई लक्षित गरी सार्वजनिक गरिएको यस गीतले चाडपर्वमा परिवारसँग भेटघाट गर्न चाहने तथा विभिन्न कारणले घरबाट टाढा रहेका नेपालीको भावनालाई समेटेको छ।




गीतको भिडियोमा गायक थानेश्वर गौतमसँगै गीतकार सूर्य बुढाथोकी, भायोलिनवादक यात्रीराज अधिकारी, सन्देश अधिकारी, सुमित गौतम र निकुञ्ज गौतमको अभिनय तथा प्रस्तुति रहेको छ। भिडियोको छायांकन तथा सम्पादन रञ्जित श्रेष्ठले गरेका हुन्। यसको पोस्ट प्रोडक्सन काठमाडौंको कपनस्थित सिनेमापाङ्गा फिल्म्सले गरेको हो ।

गीतको अडियो तथा भिडियो निर्माण जननी नेपालले गरेको हो। दसैंको अवसरलाई लक्षित गरी सार्वजनिक गरिएको गीतले नेपाली चाडपर्व, परिवार र घरप्रतिको आत्मीयतालाई संगीतमार्फत प्रस्तुत गरेको छ।


## कतारमा रोजगार

कम्पनी : DOHA NADA FOR CLEANING AND SERVICE
शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८३/०६/२१ चलानी नं.: ६०२६२३३२ LT. No.: 349149

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker (Female) | 0 | 5 | स. काममा दक्ष | 1000 | ४१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ४ गते (21 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
NEW ALFA H.R. SERVICES PVT. LTD.
Chandol-04, Kathmandu | Tel: 01-4721183, 9841531176 (Rishi Nepal)
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com



## मलेसियामा रोजगार

कम्पनी : MCS SERVICES SDN. BHD. शहर: MALAYSIA
पुर्व स्वीकृत मितिः २०८३/०१/३० चलानी नं.: ६०२५५४०५ L.T. No.:342053 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 20 | 0 | स. काममा दक्ष | 1700 | ६३५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HTMALTEC CONSULTANTS SDN BHD शहर: MALAYSIA
पुर्व स्वीकृत मितिः २०८३/०१/११ चलानी नं.: ६०२५४४३२ L.T. No.:341081 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 10 | 0 | स. काममा दक्ष | 1700 | ६३५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ४ गते (21 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 69/052/53
सुनकोशी म्यानपावर सर्भिस प्रा.लि.
घुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१–४५१९१९३, ४५२२१०८, भीष्म राज योङहाङ – ९८४१३१८९११ Email: sunkoshi.kathmandu@gmail.com
सुनसरी शाखा – ९८५२०४६९३२ (गजेन्द्र योङ्हाङ), झापा शाखा – ९८१८०९६०३७ (सन्चविर इजम)



## Absolutely Zero Cost Recruitment Opportunity In Jordan
## पूर्णतया शुन्य लागत अन्तरगत जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLASSIC FASHION APPAREL INDUSTRY LTD CO. शहर: JORDAN
पूर्व स्वीकृत मितिः २०८३/०४/०१ चलानी नं.: ६०२५८३५७ LT. No.: 345093 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKER | 0 | 98 | स. काममा दक्ष | 230 | ४९४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

**नोटः तलबः JOD २३० (JOD १३० नगद + JOD १०० बस्तुगत पारिश्रमिक)**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ८ गते (25 October 2026) मा हुनेछ ।**

